# सामाजिक आर्थिक कारणले प्रजननमा भएको भिन्नता


प्रस्तोता
कृष्णराज भट्टराई
त्रि.वि.द.नं.५८१५-९४
परीक्षा रोल नं. २१४०१७१/२०६८
शैक्षिक वर्ष २०६६/०६७


स्वास्थ्य तथा जनसङ्ख्या विभाग
अन्तरगत स्नातकोत्तर तह (एम. एड्.)
दोस्रो वर्षको जनसङ्ख्या शिक्षा शोधपत्र **(Pop. Ed. 598)**
विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत शोध पत्र


त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
सुकुना बहुमुखी क्याम्पस
स्वास्थ्य तथा जनसङ्ख्या विभाग
कोशीहरैंचा, मोरङ


२०७२

# प्रतिवद्धता पत्र

यस अनुसन्धानमा अघिल्ला अध्ययन, अनुसन्धानलाई साभार नगरी आफ्नै भाषा शैलीमा तयार पारिएको छ । यो अनुसन्धान तयार पार्दा आजभन्दा अगाडि कहीँ पेस नगरी आफैँले तयार पारेको छु । यस शोधपत्रमा प्राप्त भएका तथ्याङ्क र सुझावहरूले सम्पूर्ण समस्याको निराकरण गर्नु नभएर एक सहयोगी सामग्रीको रुपमा मात्र प्रयोग हुनेछ ।

**कृष्णराज भट्टराई**

**एम.एड. दोस्रो वर्ष**

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षको जनसङ्ख्या (Ed. 598) विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि ताप्लेजङुजिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं. ४ र ६ लाई अध्ययन क्षेत्रको रुपमा लिई सामाजिक आर्थिक कारणले प्रजननदरमा भएको भिन्नता शीर्षक अन्तर्गत यो शोध पत्र प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोत्र-पत्र तयार गर्न हौसला र प्रेरणा प्रदान गर्नुहुने सुकुना बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख आदरणीय गुरु पितकुमार श्रेष्ठ तथा जनसङ्ख्या शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु श्री जनार्दन गुरागाईंप्रति हार्दिक आभार प्रकट गर्दछु । शोध पत्र तयारीका क्रममा निरन्तर मार्गनिर्देश गर्नुहुने शोध निर्देशक आदरणीय गुरु श्री बालकृष्ण खड्काप्रति आभार प्रकट गर्दछु ।

शोध पत्र तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ र ६ का महिलाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । मलाई स्नातकोत्तर तहसम्मको अध्ययन गर्ने क्रममा प्रेरणा दिई व्यवहारिक व्यवस्थापनको जिम्मेवारी वहन गरी सहयोग पुऱ्याउने मेरी जीवनसाथी गीता भट्टराई, छोरी कुसुम र छोरा योगेशप्रति धन्यवाद दिन चाहन्छु ।

कम्प्युटर प्रविधिमा सहयोग गर्नुहुने खनाल कम्युनिकेशन विर्तामोड झापाका श्री शकुन्तला दाहाल तथा शोधको अन्तिम लेआउट तयार पारी सहयोग गर्नुहुने मित्र सि. एम. खनाललाई धन्यवाद दिन चाहन्छु ।

कृष्णराज भट्टराई

# शोधसार

प्रस्तुत "सामाजिक आर्थिक अवस्थाले प्रजननमा भएको भिन्नता" शीर्षकको शोधपत्रमा अध्ययन क्षेत्रका १५-४९ वर्ष उमेर समूहका विवाहित महिलाहरुमा सामाजिक आर्थिक कारणले प्रजननमा भएको भिन्नताको विश्लेषण गर्ने उद्देश्य राखी तयार पारिएको छ ।

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ र ६ मा बसोबास गर्ने १५ - ४९ वर्ष उमेर समूहका विवाहित महिलाहरुलाई जनसङ्ख्याको रुपमा लिई सङ्कलन गरिएका सूचनाहरूको आधारमा परिमाणात्मक र व्याख्यात्मक ढाँचामा प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्राथमिक तथ्याङ्क सङ्कलनमा अन्तर्वार्ता प्रश्नावली तथा अवलोकनको प्रयोग गरिएको छ भने द्वितीयक तथ्याङ्कका रूपमा गाउँ विकास समितिको कार्यालयको अभिलेख, पुस्तकालय तथा विभिन्न लेख, रचना, पत्रपत्रिका तथा शोधपत्रहरूलाई प्रयोग गरिएको छ ।

अध्ययनक्षेत्रमा बसोबास गर्ने विवाहित महिलाहरु मध्ये सबैभन्दा बढी ३८.८९% महिलाहरूको विवाह १५ वर्षभन्दा कम उमेरमा नै भइसकेको पाइयो । जातजातिगत हिसाबले सबैभन्दा बढी ३४.४५% क्षेत्री र धार्मिक हिसाबले ६३.३३% हिन्दूहरुको बसोबास रहेको पाइयो । बहुसङ्ख्यक महिलाहरु साक्षर रहेको तर उच्च शिक्षा आर्जन गर्ने महिलाको सङ्ख्या नगण्य पाइयो । अध्ययन क्षेत्रका बहुसङ्ख्यक महिला कृषिमा आश्रित रहेको पाइयो र सानो सङ्ख्यामा मात्र सरकारी जागिरमा संलग्न रहेको पाइयो । बहुसङ्ख्यक महिलाहरुको वार्षिक आय ३० देखि ४० हजार रुपयाँ रहेको पाइयो ।

अनुसन्धानबाट निरक्षर महिलाहरूको प्रजननदर सबैभन्दा बढी ४.५ पाइएको छ भने उच्च शिक्षा हासिल गरेका महिलाहरूको प्रजननदर सबैभन्दा कम २ मात्र पाइएको छ । वार्षिक रु १० हजारभन्दा कम आय हुने महिलाहरूको प्रजननदर सबैभन्दा उच्च ४.४ देखिन्छ भने वार्षिक रु ५० हजारभन्दा बढी आय हुने महिलाहरूको प्रजननदर सबैभन्दा कम २.१ मात्र देखिन्छ । किरात धर्मावलम्बी महिलाहरूको प्रजननदर सबैभन्दा बढी ४.१ र हिन्दू धर्मावलम्बी महिलाहरूको प्रजननदर सबैभन्दा कम ३.४ रहेको देखिन्छ । कृषि पेशा गर्ने महिलाहरूको प्रजननदर सबैभन्दा उच्च ४.३ रहेको छ भने वैदेशिक रोजगारीमा संलग्न

महिलाहरूको प्रजननदर सबैभन्दा कम २.० रहेको छ। कम उमेरमा नै विवाह गर्ने महिलाहरूको प्रजननदर ढिलो विवाह गर्ने महिलाहरूको तुलनामा उच्च रहेको देखिन्छ। जातिगत रुपमा हेर्दा सबैभन्दा बढी प्रजननदर कामी र सार्की जातिमा ४.२ पाइयो भने सबैभन्दा कम प्रजननदर नेवार जातिमा २.६ पाइयो।

महिलाहरूको प्रजननदर उच्च हुने कारणहरू पहिल्याई निराकरणका लागि नीतिगत व्यवस्था गरिनु पर्ने, प्रजनन शिक्षा, ग्रामीण आयआर्जनमूलक कार्यक्रमहरू, स्वरोजगारमूलक कार्यक्रमहरूमा ग्रामीण महिलाहरूको पहुँच विकास गर्ने कार्यक्रमहरू तय गरी कार्यान्वयन गरिनु पर्ने, परिवार नियोजन शिक्षालाई औपचारिक तथा अनौपचारिक शिक्षामा अझ प्रभावकारी रुपमा लागू गर्ने व्यवस्था गरिनु पर्ने, महिला स्वरोजगारमा प्रोत्साहन तथा महिला उत्पादनको बजारीकरण गर्ने व्यवस्था गरिनु पर्ने, शिक्षा र रोजगारीमा महिलाको सहभागिता अभिवृद्धि गर्ने विशेष कार्यक्रमहरू ग्रामीण क्षेत्रमा बढी सञ्चालन गरिनु पर्ने, ग्रामीण स्वास्थ्य संस्थाहरूको प्रभावकारिता तथा सेवाको स्तरमा अभिवृद्धि गरी सर्वसुलभ बनाइनु पर्ने तथा बाल स्वास्थ्य, पोषण तथा शिक्षा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गरिनु पर्ने सुझाव प्रस्तुत गरिएको छ।

# विषय सूची


| | | |
|---|---|---|
| | | पेज |
| प्रतिबद्धता पत्र | | i |
| सिफारिस पत्र | | ii |
| स्वीकृति पत्र | | iii |
| कृतज्ञता ज्ञापन | | iv |
| शोधसार | | v |
| विषय सूची | | vii |
| तालिका सूची | | x |
| चित्र सूची | | xi |
| सङ्क्षिप्त शब्दावली | | xii |
| **परिच्छेद एक : परिचय** | | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनका उद्देश्यहरू | ६ |
| १.४ | अनुसन्धानात्मक प्रश्नहरू | ६ |
| १.५ | अध्ययनको उपादेयता | ७ |
| १.६ | अध्ययनको परिसीमा | ७ |
| १.७ | मुख्य शब्दहरुको परिभाषा | ८ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा** | | |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ | सैद्धान्तिक साहित्यको पुनरावलोकन | ११ |
| २.२.१ | द्वन्दवात्मक भौतिकवादी सिद्धान्त | १२ |
| २.२.२ | जनसङ्ख्या सङ्क्रमणको सिद्धान्त | १३ |
| २.३ | पुनरावलोकनको उपादेयता | १५ |
| २.४ | अवधारणात्मक ढाँचा | १६ |

**परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया**


३.१ अध्ययनको ढाँचा र विधि १८

३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति १८

३.३ अध्ययनका साधनहरु १८

३.४ साधनको वैधता १९

३.५ तथ्याङ्कको स्रोत १९

३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया १९

३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १९


**परिच्छेद चार : नतिजाको छलफल**


४.१ सामाजिक आर्थिक अवस्था २०

४.१.१ जनसङ्ख्याको वितरण २०

४.१.२ उमेरगत जनसङ्ख्याको वितरण २१

४.१.३ वैवाहिक अवस्था २२

४.१.४ जातजातिगत अवस्था २४

४.१.५ धार्मिक अवस्था २५

४.१.६ शैक्षिक अवस्था २६

४.१.७ पेशागत अवस्था २७

४.१.८ आयस्तरको अवस्था २७

४.२ प्रजननदरको अध्ययन २८

४.२.१ शैक्षिक स्तरको आधारमा प्रजननदर २८

४.२.२ आयस्तरको आधारमा प्रजननदर २९

४.२.३ धार्मिक अवस्थाअनुसार प्रजननदर ३०

४.२.४ पेशागत अवस्थाअनुसार प्रजननदर ३१

४.२.५ वैवाहिक अवस्थाअनुसार प्रजननदर ३२

४.२.६ जातजातिगत अवस्थाअनुसार प्रजननदर ३३

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू**

५.१ प्राप्ति ३५

५.२ निष्कर्ष ३८

५.३ सुझावहरू ३९

५.३.१ नीतिगत तहका लागि सुझाव ३९

५.३.२ अभ्यास तहका लागि सुझाव ३९

५.३.३ अनुसन्धान तहका लागि सुझाव ४०

**सन्दर्भ सूची** ४१

**अनुसूची**

# तालिका सूची


| तालिका नं. | विवरण | पेज |
|---|---|---|
| १ | विवाहित महिलाहरुको जनसङ्ख्याको विवरण | २० |
| २ | जनसङ्ख्याको उमेरगत विवरण | २१ |
| ३ | विवाह हुँदाको उमेर सम्बन्धी अवस्थाको विवरण | २३ |
| ४ | जातजातिगत अवस्थाको विवरण | २५ |
| ५ | धार्मिक अवस्थाको विवरण | २६ |
| ६ | शैक्षिक अवस्थाको विवरण | २६ |
| ७ | पेशागत अवस्थाको विवरण | २७ |
| ८ | आयस्तरको विवरण | २८ |
| ९ | शैक्षिक स्तरको आधारमा प्रजननदर विवरण | २९ |
| १० | आयस्तरको आधारमा प्रजननदर विवरण | ३० |
| ११ | धार्मिक अवस्थाअनुसारको प्रजननदर विवरण | ३१ |
| १२ | पेशागत अवस्थाअनुसारको प्रजननदर विवरण | ३१ |
| १३ | विवाह हुँदाको उमेर सम्बन्धी अवस्थाअनुसारको प्रजननदर विवरण | ३२ |
| १४ | जातजातिगत अवस्थाअनुसारको प्रजननदर विवरण | ३३ |

# चित्र सूची


| चित्र नं. | विवरण | पेज |
|---|---|---|
| १ | सामाजिक, आर्थिक तथा अप्रत्यक्ष तत्त्वहरूको प्रजननसँग सम्बन्ध सम्बन्धी अवधारणात्मक ढाँचा | १६ |
| २ | जनसङ्ख्याको उमेरगत विवरण | २२ |
| ३ | विवाह हुँदाको उमेर सम्बन्धी अवस्थाको वृत्तचित्र | २४ |

# सङ्क्षिप्त शब्दावली

गा.वि.स. - गाउँ विकास समिति

C.B.S. - Central Beaurou of Statistics

WPC - World Population Clock

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जनसङ्ख्या भन्नाले कुनै पनि ठाउँमा बसोबास गर्ने मानिसहरूको कुल सङ्ख्या भन्ने बुझिन्छ । जनसङ्ख्या वृद्धि विश्वकै प्रमुख समस्या मध्ये एक हो । सन् २०१६ मा विश्वको जनसङ्ख्या ७.४ बिलियन पुगेको छ । यस वर्ष विश्वको जनसङ्ख्या वृद्धिदर १.१३ प्रतिशत मापन गरिएको छ (WPC, 2016) । विश्वको जनसङ्ख्या दिन प्रतिदिन वृद्धि हुँदैछ । नेपाल जस्ता विकासशील राष्ट्रहरू बढ्दो जनसङ्ख्याको समस्यासँग जुधिरहेका छन् । बढ्दो जनसङ्ख्या र स्रोत साधन बीच समन्वय हुन नसक्दा त्यसले विभिन्न प्रकारका समस्याहरू सिर्जना गर्दै आएको छ । विकासशील देशहरूको दिगो विकासका लागि बढ्दो जनसङ्ख्याको वृद्धिदर नियन्त्रण गर्नु चुनौति बन्दै गएको छ । अर्कातिर जनसङ्ख्या वृद्धि अनुरुप कृषि उत्पादन नबढ्ने हुँदा यसले विश्वव्यापी आर्थिक सङ्कट पनि थपिँदै गएको छ । यसैले संसारभरि नै जनसङ्ख्या नियन्त्रणका विभिन्न उपायहरू अपनाउन थालिएको छ । जनसङ्ख्याको आकार र वृद्धिदर देश विकाससँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले यस सम्बन्धी व्यापक अध्ययन र अनुसन्धानको खाँचो रहेको छ ।

जनसङ्ख्याको सङ्क्रमण सिद्धान्त अनुसार जन्मदर र मृत्युदर बीच अप्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । समाजको आर्थिक विकास हुँदै जाँदा मृत्युदर घट्दै जान्छ, तर सो अनुपातमा जन्मदर भने घट्दैन । कृषि र औद्योगिक विकाससँगै मानिसहरूले रोजगारका प्रशस्त अवसरहरू प्राप्त गरेका छन् । यसले मानिसको पारिवारिक हैसियत सुदृढ हुँदै गएको छ । मानिसमा परिवारको आकार सानो बनाउने चेतना पनि प्रदान गरेको छ । तथापि जन्मदर र मृत्युदरमा समानता देखिएको छैन । पहिलेको उच्च मृत्युदर घट्दै गएको भए पनि मृत्युदरको अनुपातमा जन्मदर नै बढी रहेको छ (काफ्ले, २०७२, पृ. २२५) ।

साधारण अर्थमा प्रजनन भन्नाले बच्चा जन्माउने प्रक्रियालाई बुझाउँछ । जीवशास्त्रीय विचारधारा अनुसार प्रजनन भनेको कुनै पनि जीवजन्तुले नयाँ जीवको उत्पादन गर्नु अर्थात् जन्म दिनु हुन्छ तर जनसाङ्ख्यिकीय दृष्टिकोण अनुसार कुनै

पुरुष र महिला वा दम्पतिको वास्तविक सन्तानोत्पादन प्रक्रियालाई प्रजनन भनिन्छ । वास्तवमा बच्चा जन्माउने क्रियामा महिला र पुरुष दुवैको समान भूमिका रहन्छ । तर बच्चाको जन्म दिने क्रिया प्रत्यक्ष रुपमा महिलाको शरीरबाट हुने गर्दछ । अर्थात् महिलाहरूले नै प्रत्यक्ष रुपमा शिशु जन्माउने हुनाले प्रजनन अन्तरगत महिलाहरूको चर्चा गरिन्छ । यसर्थ प्रजननलाई कुनै महिला वा महिलाहरूको समूहको वास्तविक सन्तानोत्पादन उपलब्धिको रुपमा परिभाषित गर्न सकिन्छ ।

प्रजननदर भन्नाले कुनै महिलाले आफ्नो प्रजनन उमेर अवधिमा जन्माउने वा जन्माएका कुल जीवित सन्तानको मापन बुझिन्छ । कुनै पनि महिलाको प्रजननदरको मापन उसले जन्माएका जीवित बालबच्चाको आधारमा गरिन्छ । यदि कुनै महिलाले जीवित शिशु जन्माएकी छ भने मात्र उसलाई प्रजनित महिला भनिन्छ । प्रजननदर जनसङ्ख्याको परिवर्तनमा प्रभाव पार्ने एउटा महत्त्वपूर्ण तत्त्व मानिन्छ । प्रजननदर उच्च रहेको अवस्थामा जनसङ्ख्या तीव्र रुपमा वृद्धि भइरहेको हुन्छ भने प्रजननदर निम्न रहेको अवस्थामा जनसङ्ख्या विस्तारले परिवर्तन भइरहेको हुन्छ (विष्ट र जोशी, २०७०) ।

प्रजननमा भिन्नता भन्नाले विभिन्न तत्त्वहरुको कारण महिलाको प्रजननदरमा आउने फरकलाई बुझिन्छ । साधारणतया महिलाहरूको १५ वर्षदेखि ४९ वर्षसम्मको अवधिलाई प्रजनन अवधि भनिन्छ किनभने यस अवधिमा महिलाहरूमा शिशु जन्माउने क्षमता हुन्छ । महिलाहरूमा जीवित शिशु जन्माउने क्षमता एउटा स्वाभाविक शारीरिक र जैविक क्षमता हो । प्रजनन उमेरका सबै महिलाहरूको प्रजननदरमा समानता रहेको पाइँदैन । विभिन्न कारणहरूबाट महिलाहरुको प्रजननदरमा भिन्नता कायम रहेको पाइन्छ । यसरी प्रजननदरमा प्रभाव पार्ने तत्त्वहरूलाई जैविक, आर्थिक, सामाजिक-सांस्कृतिक, मनोवैज्ञानिक, भौगोलिक र राजनैतिक गरी छ भागमा वर्गीकरण गर्न सकिन्छ ।

शिशुको प्रजनन एउटा जैविक प्रक्रिया हो । तसर्थ जैविक तत्त्वहरूले प्रजननदरलाई प्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । साधारणतया प्रजननदरलाई प्रभाव पार्ने जैविक तत्त्वहरूमा प्रजनन अवधि, प्रजनन क्षमता, शिशु जन्मेपछिको अस्थायी बाँझोपनको अवधि, किशोर अवस्थाको बाँझोपन, वङ्शानुक्रम, उमेर, गर्भ खेर

गर्भपतन जस्ता तत्त्वहरू पर्दछन् । यी तत्त्वहरूको प्रत्यक्ष सम्बन्ध महिलाको शारीरिक अवस्थासँग हुने भएकाले यिनीहरूलाई शारीरिक तत्त्वहरू पनि भनिन्छ ।

प्रजननलाई केही आर्थिक तत्त्वहरूले पनि प्रभाव पारेका हुन्छन् । प्रजननलाई प्रभाव पार्ने आर्थिक तत्त्वहरूमा आयस्तर, रोजगार, पेसा, सहरीकरण जस्ता तत्त्वहरू पर्दछन् ।

प्रजननलाई प्रभाव पार्ने सामाजिक-सांस्कृतिक तत्त्वहरू अन्तरगत विवाहको उमेर, शिक्षा, स्वास्थ्य सेवा तथा सुविधाहरू, सामाजिक-सांस्कृतिक धारणा, विश्वास र मूल्य मान्यताहरू, वैवाहिक स्थिति, परिवार नियोजनको सुविधा, परिवारको किसिम, शिशुहत्या जस्ता तत्त्वहरू पर्दछन् ।

प्रजननदरको सम्बन्ध मानिसको मनोविज्ञानसित पनि रहेको हुन्छ । कतिवटा छोराछोरी जन्माउने ? परिवारको आकार कत्रो बनाउने ? बच्चा जन्माउने वा नजन्माउने ? जस्ता कुराहरू दम्पतिको इच्छा र आकाङ्क्षामा निर्भर गर्दछ । मानवीय इच्छा र आकाङ्क्षामा वैयक्तिक भिन्नता पाइन्छ । हाम्रोजस्तो सामाजिक परिवेश भएको मुलुकमा विवाहको प्रमुख उद्देश्य नै सन्तानोत्पादन रहेको पाइन्छ । सन्तानोत्पादनलाई पुरुषत्व र मातृतवको सफलता ठान्ने मनोवैज्ञानिक अवधारणा रहेका कारण यस किसिमका समुदायका मानिसहरूमा प्रजननदर बढी रहने गरेको पाइन्छ । यसका साथै निसन्तान दम्पतिलाई हेर्ने सामाजिक दृष्टिकोण र देखासिकीको कारणबाट पनि प्रजननदरमा प्रभाव पर्दछ ।

महिलाको प्रजननदरलाई बसोबासको स्थान, हावापनी जस्ता भौगोलिक तत्त्वहरूले पनि प्रभाव पारेका हुन्छन् । ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रका महिलाहरूको प्रजननदर कम रहेको पाइन्छ । त्यस्तै चिसो हावापानी भएको क्षेत्रका तुलनामा गर्मी हावापानी भएको क्षेत्रका महिलाहरू कम उमेरमा किशोरावस्थामा प्रवेश गर्ने भई प्रजनन अवधि लामो हुने भएकाले प्रजननदर बढी हुने गरेको पाइन्छ ।

महिलाको प्रजननदरलाई राज्यको जनसङ्ख्या सम्बन्धी नीतिले पनि अप्रत्यक्ष रुपमा प्रभाव पार्दछ । राज्यले जनसङ्ख्या नियन्त्रण गर्ने नीति अख्तियार गरेमा

महिलाको प्रजननदर नियन्त्रित र न्यून रहेको हुन्छ भने जनसङ्ख्या विस्तारको नीति अवलम्बन गरेको अवस्थामा प्रजननदर बढी हुन्छ ।

वि.सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ पुगेको छ । नेपालमा तीव्र जनसङ्ख्या वृद्धि हुनुको प्राथमिक कारण उच्च जन्मदर र द्रुत गतिमा घट्दै गएको मृत्युदर नै हो । नेपालको कोरा जन्मदर सन् १९७१ मा प्रतिहजार ४२.८, सन् १९८१ मा ४२.३, सन् १९९१ मा ४१.२ र सन् २००१ मा ३४ रहेको थियो । हाल नेपालको जनसङ्ख्या वृद्धिदर १.३५ रहेको छ, जबकि यो दर सन् २००१ मा २.२४ रहेको थियो । सामाजिक, आर्थिक तथा सांस्कृतिक मूल्य मान्यताहरूका कारण नेपालको जनसङ्ख्या वृद्धि उच्च रहँदै आएको देखिन्छ । सामाजिक सुरक्षा, उच्च जन्मदर, बढ्दो गरिबी, महिलाहरूको दयनीय स्थिति, न्यून साक्षरता दर र परिवार नियोजन कार्यक्रमको कमीले नेपालको जनसङ्ख्या नियन्त्रण हुन सकेको छैन ।

नेपाल मुख्यतः कृषिप्रधान देश हो । यसकारण यहाँका मानिसहरू कृषि मजदुरको आवश्यकता पूरा गर्न अधिक सन्तान जन्माउन चाहन्छन् । यसले उच्च जन्मदरलाई प्राथमिकता दिने गरेको छ । यस प्रकार कृषि क्षेत्रका मजदुरलाई गैर कृषि क्षेत्रमा रुपान्तरण गर्न सके प्रजनन दर घटाउन मद्दत पुग्छ ।

उच्च शिशु तथा बाल मृत्युदर, न्यून आर्थिक स्थिति, परम्परागत रुपमा छोराको चाहना, महिलाको समाजमा न्यून पहुँच, साक्षरताको कमी, गरीबी, परिवार नियोजनका साधनको प्रयोगमा कमी आदि नेपालमा जन्मदर बढाउने कारणहरू हुन् ।

## १.२ समस्याको कथन

नेपालको जन्मदर एसियामै उच्च रहेका मुलुकहरुभित्र पर्दछ । जनसङ्ख्या नियन्त्रणका लागि प्रयासै नभएका भने होइनन् तर यी प्रयासहरूले सार्थक परिणाम दिन सकेका छैनन् जसले गर्दा जनसङ्ख्याको वार्षिक वृद्धिदर अझै उच्च नै रहेको छ । नेपालको वार्षिक जनसङ्ख्या वृद्धिदर सन् १९७१-८१ का बीचमा २.६७ प्रतिशत (CBS, 1987) रहेको थियो । सन् १९८१-९१ का बीचमा यो दर केही घटेर २.१ प्रतिशत (CBS, 1995) मा झरेको थियो । त्यस्तै सन् १९९१-२००१ का बीचमा यो

दर बढेर २.२४ प्रतिशत पुगेको थियो भने सन् २०११ को राष्ट्रिय जनगणना अनुसार पुनः घटेर १.३५ प्रतिशत रहेको छ (CBS, 2011)। अघिल्लो जनगणनाका तुलनामा जनसङ्ख्या वृद्धिदर घटेको देखिए पनि यो वृद्धिदर उच्च नै हो । परिवार नियोजनका बारेमा कम जानकारी हुनु, जन्मनिरोधका साधनहरूको कम प्रयोग, छिटो विवाह आदि यसका प्रमुख कारण हुन् ।

परम्परागत आर्थिक प्रणालीमा धेरै बालबच्चा भएमा कामदारको अभाव नहुने धारणाले मानिसहरू धेरै सन्तान जन्माउँथे । सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणले नेपालमा धेरैभन्दा धेरै सन्तान जन्माउने प्रचलन रहेको थियो । कम आयस्रोत, अज्ञानता, निरक्षरता, परिवार नियोजनका विधिहरूको प्रयोगमा कमी यसका प्रमुख कारणहरू हुन् । तर वर्तमान परिप्रेक्ष्यमा त्यस्तो धारणामा परिवर्तन आउन थालेको छ । नेपालका ८० प्रतिशत मानिसहरू ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् र ६०.११ प्रतिशत मानिसहरू कुनै न कुनै रुपमा कृषिमा आश्रित रहेका छन् (CBS, 2011) । सहरी क्षेत्रमा बसोबास गर्न मानिसहरूको आकर्षण बढ्दै गएकाले उनीहरू कृषि पेशालाई क्रमशः त्याग्दै जान थालेका पनि छन् । सहर बजारमा बसोबास गर्ने मानिसहरूमा पेसागत दक्षताको विकास हुँदै जाँदा यसले जन्मदरमा पनि प्रभाव पार्न थालेको छ । मानिसको जीवनस्तर र पेसाले प्रजननदरमा प्रभाव पार्ने भएकाले गैर कृषि पेसामा रहेका मानिसहरूको प्रजननदर कृषि पेसामा रहेका मानिसहरूकोभन्दा कम देखिन थालेको छ ।

अझै पनि नेपालका ३४.१ प्रतिशत मानिसहरू निरक्षर रहेका छन् । त्यसमा पुरुष साक्षरतादर ७५.१ प्रतिशत पुगेको छ भने महिला साक्षरतादर ५७.४ प्रतिशत मात्र रहेको छ (CBS, 2011) । अझै पनि नेपालका धेरै महिलाहरू निरक्षर नै रहेको देखिन्छ । यसबाट नेपालीको शैक्षिक स्तर निकै तल रहेको देखिन्छ । सन् १९५० सम्म त महिला शिक्षाको अवस्था लगभग शून्य प्रतिशतकै हाराहारीमा रहेको देखाएका छन । विभिन्न अनुसन्धानहरूले साक्षरता र प्रजनन दर एकअर्कामा सम्बन्धित रहेको देखाएका छन् । शिक्षित महिलाहरूले ढिलो र उपयुक्त उमेरमा मात्र विवाह गर्ने भएकाले प्रजनन दर घट्ने हुन्छ । तर महिलाहरूको साक्षरता दर ५७.४ प्रतिशत मात्र

भएको अवस्थामा महिलाहरूको चाँडै विवाह हुने गरेको र प्रजनन दर उच्च रहँदै आएको देखिएको छ ।

प्रजननदरलाई न्यूनीकरण गरी जनसङ्ख्या विद्धिदर नियन्त्रण गर्न सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्रशस्त कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । औपचारिक तथा अनौपचारिक शिक्षाका साथै आम सञ्चार माध्यमबाट समेत पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । यति हुँदा हुँदै पनि मुलुकको प्रजननदर उच्च नै रहेको पाइएको छ । मुलुकका फरक फरक क्षेत्र, जाति, धर्म, शैक्षिक स्तर, समाजिक परिवेश, आर्थिक स्तरका महिलाहरुको प्रजननदर फरक फरक भएको पाइएको यस परिवेशमा खास गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिलाहरूको प्रजनन दर उच्च रहँदै आएको देखिएकोले प्रजननदर सम्बन्धी विषयवस्तुलाई मुख्य समस्याको रूपमा लिई अध्ययन अनुसन्धान गर्नु वाञ्छनीय ठानिएको हो । नेपालको सुदूर ग्रामीण क्षेत्रको प्रजननदर उच्च रहनुका कारणहहरू खोजी गर्नका लागि ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ र ६ मा सामाजिक आर्थिक कारणले प्रजननदरमा भएको भिन्नता शीर्षकमा अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्न छन् :

क) अध्ययन क्षेत्रको सामाजिक आर्थिक अवस्था पत्ता लगाउनु,

ख) सामाजिक आर्थिक कारणहरूले प्रजननदरमा भएको भिन्नता पत्ता लगाउनु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत अध्ययनका लागि निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरू तय गरिएका छन् :

क) विवाह र प्रजनन बिचमा के सम्बन्ध छ ?

ख) शैक्षिक स्तरले प्रजननदरमा के भिन्नता ल्याउँछ ?

ग) आयस्तरले प्रजननदरलाई किन प्रभाव पार्छ ?

घ) आर्थिक अवस्थाले प्रजननदरलाई कसरी फरक पार्छ ?

ङ) धर्म र प्रजननदर बिच कसतो सम्बन्ध छ ?

च) कृषि र गैर कृषि पेशामा संलग्न मानिसहरुको प्रजननदरमा किन भिन्नता रहेको छ ?

छ) जातजाति अनुसार प्रजननदर फरक पर्नुको कारण के हो ?

## १.५ अध्ययनको उपादेयता

प्रस्तुत अनुसन्धानले जनसङ्ख्या सम्बन्धी आवश्यक नीति नियम तर्जुमा गर्न सम्बन्धित निकायलाई सहयोग पुग्नेछ । यस अनुसन्धानले प्रजननदर तथा आर्थिक सामाजिक कारक तत्त्वहरूको अन्तरसम्बन्ध केलाउन तथा प्रजननदर न्यूनीकरणका उपायहरू पत्त लगाउन सहयोग पुऱ्याउनेछ । अनौपचारिक शिक्षा तथा जनचेतनामूलक कार्यक्रममा समावेश गर्नुपर्ने विषयहरु यकिन गरी पाठ्यक्रम निर्माण गर्न पाठ्यक्रमविद्हरुका लागि प्रस्तुत अनुसन्धान आधार सामग्री बन्ने अपेक्षा लिइएको छ । यसै गरी प्रजननदर सम्बन्धी अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरूका लागि यो भरपर्दो सामग्री सावित हुन सक्नेछ ।

## १.६ अध्ययनको परिसीमा

कुनै पनि विषयवस्तुको अध्ययन गर्नुपूर्व त्यसको सीमाङ्कन गनु पर्दछ । निश्चित सीमा र परिधिभित्र रहेर अध्ययन गर्नका निम्ति निश्चित र आवश्यक स्रोत साधनको उपलब्धता हुनु पर्दछ । यस अनुसन्धानका सीमाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) यो अनुसन्धान ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ र ६ मा मात्र सीमित रहेको छ ।

ख) प्रजननदर विभिन्न सामाीजक, आर्थिक र जनसाङ्ख्यिक तत्त्वहरूमा निर्भर रहन्छ । तथापि यस अनुसन्धानमा शिक्षा, आय, पेसा, धर्म, जातजाति र वैवाहिक स्थितिका आधारमा मात्र प्रजननदरको अवस्था अध्ययन गरिएको छ ।

ग) प्रस्तुत अनुसन्धान ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ र ६ मा गरिएको हुनाले यसका प्राप्तिहरूलाई पनि सोही स्थानमा मात्र सामान्यीकरण गर्न सकिनेछ ।

घ) प्रस्तुत अध्ययनमा ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ र ६ मा बसोबास गर्ने १५ देखि ४९ वर्ष उमेर समूहका विवाहित

महिलाहरूमध्ये ९० जनालाई नमुनाका रुपमा लिई उनीहरूबाट सङ्कलित तथ्याङ्कका आधारमा मात्र अध्ययन सम्पन्न गरिएको छ ।

## १.७ मुख्य शब्दहरुको परिभाषा

प्रजनन : पुरुष र महिला वा दम्पतिको वास्तविक सन्तानोत्पादन प्रक्रिया

प्रजननदर : प्रजननदर भन्नाले कुनै महिलाले आफ्नो प्रजनन उमेर अवधिमा जन्माउने वा जन्माएका कुल जीवित सन्तानको मापन

सामाजिक तत्त्व : शिक्षा, जाति, धर्म, विवाह

आर्थिक तत्त्व : पेशा, व्यवसाय, आयस्तर

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

आचार्य, (१९९३) का अनुसार जन्मान्तर, गर्भपतन र स्तनपान प्रजननदर कम गर्ने उपायहरू हुन् । नेपालमा महिला र पुरुषको साक्षरतादरमा निकै असमानता रहेको छ । यसो हुनुका मुख्य कारणहरू समाजमा महिलाको न्यून स्थिति, शिक्षामा महिलाको कम पहुँच तथा कम प्राथमिकता, चाँडो विवाह र महिलालाई घरायसी काममा नै सीमित राख्नु हो ।

भट्ट, (२००४) काअनुसार जन्मान्तर जति लम्बिँदै जान्छ, देशको जनसङ्ख्या घट्दै जाने र आमा तथा शिशुको पनि रक्षा हुने भएकाले यो तरिका वैज्ञानिक मानिन्छ र यसबाट महिला प्रजननदर घट्ने हुन्छ । यसका लागि परिवार नियोजनका अस्थायी साधन प्रयोग गरी गाउँघरमा समेत जन्मदर नियन्त्रण गर्न सकेमा सर्वजन हिताय को नारा सफलीभूत हुन सक्छ । जन्मान्तरलाई देशका ग्रामीण भेगमा यसको महत्त्व र फाइदा बारे जनचेतना जगाई परिवार नियोजनका अस्थायी साधनहरू बारेमा प्रचारप्रसार गरी ती साधनहरूप्रति उनीहरूको सकारात्मक धारणको विकास गराई जन्मान्तर कायम गराउन सकिन्छ ।

तिवारी, (२००४) का अनुसार जनसङ्ख्या र विकास एक अर्काका परिपूरक तत्त्व हुन् । यसकारण विकासका हरेक पक्षसँग जनसङ्ख्याले प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । जनसङ्ख्या गतिशील आयाम भएकाले विकाससँग यसको दीर्घकालीन सम्बन्ध रहने गर्दछ । त्यसकारण जनसङ्ख्या व्यवस्थापन र विकासलाई सँगसँगै लैजान सकेमा मात्र दुवैको लक्षित उद्देश्य हासिल गर्न सकिन्छ । जनसङ्ख्या व्यवस्थापनका लागि सम्पूर्ण उमेर, वर्ग र समूहका मानिसको जीवनस्तरमा सुधार गर्न सम्पूर्ण पक्षहरूलाई समेट्ने गरी विशेष कार्यक्रमहरू केन्द्रीय, स्थानीय एवम् पारिवारिक स्तरबाट सञ्चालन गरिनु पर्दछ । जनसङ्ख्या व्यवस्थापनका लागि मुख्यतः जन्मदरमा कमी ल्याई सानो र सुखी परिवारको निर्माण गर्नु पर्दछ ।

सिग्देल, (२००५) काअनुसार ३९ प्रतिशत विवाहित महिलाहरुले कुनै एक आधुनिक परिवार नियोजनको साधन प्रयोग गरेको देखिन्छ । यस बाहेक अझै पनि २६.८ प्रतिशत महिलाहरूले परिवार नियोजनको साधन प्रयोग गर्न चाहेर पनि आपूर्तिको अभावका कारण प्रयोग गर्न पाएका छैनन् । यसले गर्दा नचाहँदा नचाहँदै पनि गर्भ रहने र आमा र बच्चा दुवैको स्वास्थ्यमा नराम्रो असर पर्नु प्रजनन स्वास्थ्यको चुनौतिका रुपमा देखा परेको छ । अझै पनि ५१ प्रतिशत महिलाहरू गर्भवती सेवा लिनबाट वञ्चित भएका छन् भने ८९ प्रतिशत महिलाहरूले घरमा नै बच्चा जन्माउने गरेका छन् । सुत्केरी हुँदा ५५ प्रतिशत आमाहरूलाई साथीहरूले सहयोग गर्ने गर्दछन् भने करिव ९ प्रतिशत महिलाहरू कसैको सहयोग बिना बच्चा जन्माउने गरेका छन् । सुत्केरीपछि ६ हप्ताभित्र करिव ८० प्रतिशत महिलाहरूले कुनै प्रकारको स्वास्थ्य सेवा लिने गरेको पाइँदैन । यसले सुरक्षित मातृत्वको अवस्थामा उल्लेखनीय उपलब्थि हासिल हुन सकेको छैन । जीवनका सबै अवस्थामा स्वस्थ रहन पाउनु व्यक्तिको नैसर्गिक अधिकार हो । व्यक्तिका उक्त अवस्थाहरूमा स्वस्थ जीवनयापन गर्नका लागि प्रजनन स्वास्थ्यको आवश्यकता परेको हो । यस बाहेक प्रजनन प्रक्रियामा हुन सक्ने स्वास्थ्य समस्याको गाम्भीर्यता बताउने र यसको उचित ख्याल नगरेमा आमा र बच्चाको स्वास्थ्यमा हुन सक्ने हानीलाई कम गर्न प्रजनन स्वास्थ्यको आवश्यकता भएको हो ।

हाडा, (२००५) काअनुसार हाल देशमा सञ्चालित परिवार नियोजनका साधन अपनाउने दम्पतिहरूको सङ्ख्या अहिले पनि २९.९ प्रतिशत मात्र रहेको छ । एक्काइसौं शताब्दीमा प्रवेश गरिसकेको आजको प्रतिस्पर्धात्मक युगमा अझै पनि नेपाली महिलाहरू अशिक्षा, गरिबी, रुढीवादी संस्कृतिका कारण हरेक क्षेत्र र पेसामा पीडित, उपेक्षित र असुरक्षित जीवनयापन गर्न बाध्य भएका छन् । जनसङ्ख्या शिक्षाले महिलाको जीवनस्तर उठाउनमा अरु शिक्षाले भन्दा बढी मद्दत गर्छ । यसलाई ध्यानमा राखेर नेपालमा पनि हाल स्कुल तहदेखि उच्च शिक्षासम्म जनसङ्ख्या शिक्षा औपचारिक पाठ्यक्रममा राखिएको छ । यसमा महिला वर्गालाई विशेषतः प्राथमिकता दिनुपर्ने देखिन्छ । किनभने जनसङ्ख्या वृद्धिमा महिलाको भूमिका बढी हुने भएकाले सरकारले जनसङ्ख्या शिक्षा कार्यक्रमलाई अझ व्यवहारिक रुपमा विभिन्न कार्यक्रमहरू सहरी र ग्रामीण क्षेत्रहरूमा सञ्चालन गरिनु पर्दछ । एउटा देशका लागि

कति जनसङ्ख्या ठीक हुन्छ भन्ने कुरा त्यस देशमा विद्यमान प्राकृतिक साधनहरूको अवस्थाले निर्धारण गर्छ । कुनै पनि देशको आर्थिक अवस्था त्यस देशमा विद्यमान जनसङ्ख्याको उमेरगत संरचना, शिक्षित जनशक्ति, पेसागत संरचना इत्यादिमा निर्भर गर्दछ । उच्च प्रजनन दर, जन्म निरोधको कमी, गरिबी, जनसङ्ख्या नीतिको कम प्रभाव, आदि नेपालमा जनसङ्ख्या वृद्धिका कारणहरू हुन् ।

पाण्डे, (२००६) काअनुसार गरिबी र प्रजनन अन्र्तसम्बन्धित विषय हुन् । नेपालको जनसङ्ख्या वृद्धिदर उच्च हुनुमा उच्च प्रजनन दर प्रमुख कारकको रुपमा रहेको छ । जहाँ गरिबी हुन्छ, त्यहाँ प्रजनन दर उच्च हुन्छ । जात, पेसा, रोजगारी, आर्थिक-शैक्षिक स्थिति, स्वास्थ्य तथा पोषण आदिले प्रजनन दरमा प्रभाव पार्ने गर्दछन् ।

रावत, (२००६) काअनुसार शिक्षा र प्रजनन एक अर्कामा सम्बन्धित पक्षहरू हुन् । महिलाहरू अशिक्षित भएका ठाउँमा बालविवाहको प्रचलन रहेको देखिन्छ भने शिक्षित महिला भएको समाजमा बालविवाह भएको पाइँदैन । अशिक्षित महिलाहरू बच्चा जन्माउनुलाई ईश्वरको वरदान सम्झन्छन् । शिक्षाले परिवार योजनामा जोड दिने भएकाले शिक्षित समाजमा ढिलो र उपयुक्त उमेरमा विवाह गर्ने प्रचलन रहेको छ । यसले प्रत्यक्ष प्रजनन दरमा सकारात्मक प्रभाव पार्दै आएको छ ।

प्याकुरेल, (२००९) काअनुसार महलिाहरूको प्रजननदरमा सामाजिक मूल्य मान्यता तथा सामाजिक आर्थिक कारणहरूको प्रभाव प्रबल रहेको हुन्छ । झापा जिल्लाको दुहागढी गाउँ विकास समितिका महलिाहरूको प्रजननदरमा सामाजिक आर्थिक तत्त्वहरूको प्रभाव शीर्षकमा गरिएको उक्त शोध अध्ययनले अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक आर्थिक अवस्था पहिचान गरी त्यसबाट प्रजननदरमा परेको प्रभाव पत्ता लगाउने उद्देश्य राखेको पाइन्छ । उक्त शोध अध्ययनले महिलाहरूको पेशा, आयस्तर, शिक्षा र सामाजिक मूल्य मान्यताले प्रजननदरमा प्रभाव पारेको निष्कर्ष निकालेको छ ।

## २.२ सैद्धान्तिक साहित्यको पुनरावलोकन

व्यक्तिको व्यवहारमा सकारात्मक परिवर्तन ल्याई सामञ्जस्यपूर्ण जीवनयापन गर्नका लागि मानव व्यवहार परिवर्तनका विभिन्न सिद्धान्त तथा नमुनाहरूको विकास

भएको छ । जनसङ्ख्या  शिक्षाको मुख्य लक्ष्य जनसङ्ख्या सम्बन्धी सकारात्मक धारणा र व्यवहारको विकास गर्नु नै हो । वर्षौंदेखि चलिआएका सामाजिक रीतिरिवाज, मूल्य-मान्यता, रहनसहन र बानीव्यवहारले जनसङ्ख्या सम्बन्धी विभिन्न समस्याहरू थपिँदै गएका छन् । ती रीतिविाज, मूल्य मान्यता, रहनसहन र बानीव्यवहारलाई समयसापेक्ष बनाउँदै जनसङ्ख्या नियन्त्रणमा सघाउ पुऱ्याउनु जनसङ्ख्या शिक्षाको मूल ध्येय हो । प्रस्तुत अनुसन्धानका लागि द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त र जनसङ्ख्या सङ्क्रमणको सिद्धान्तलाई सैद्धान्तिक आधार मानिएको छ ।

### २.२.१ द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त

द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तलाई सामाजिक अन्तर्विरोध र समाज विकास जस्ता कुराहरू विवेचना गर्न यथेष्ट उपयोग गर्न सकिन्छ । यस सिद्धान्तले समाजको परिवर्तनशीलता, विकास, गतिशीलता र उन्नति वर्गहरूको द्वन्द्वका बीचबाट हने तथ्य उजागर गरेको छ । मानिस, समाज समग्र विश्वको मानव समुदायको इतिहास नै वर्गसङ्घर्षको इतिहास हो । तत्कालीन समाजको वर्गसङ्घर्षको परिणाम स्वरुप नै समाजको विकास हुँदै आएको छ । वर्गसङ्घर्षबाट नै मानिसले सिक्ने अवसर प्राप्त गर्दछ । समाजमा देखा पर्ने परस्पर विरोधी विचारहरूको निरन्तर द्वन्द्व र वादविवादबाट नै समाजको विकास रुपान्तरण सम्भव हुन्छ । यस अर्थमा मार्क्सको द्वन्द्ववादी सिद्धान्तको जनसङ्ख्या अध्ययनमा पनि महत्त्वपूर्ण स्थान देख्न सकिन्छ । कुनै पनि समाज निश्चित वर्ग र विचारधाराबाट निर्देशित हुने गर्दछ । समाज अनुसारको दर्शन, राजनैतिक, सामाजिक संरचना, सांस्कृतिक, आर्थिक सामाजिक नियमहरू तय गरिएका हुन्छन्  र यी सम्पूर्ण कुराहरू वर्गीय पक्षधरताका आधारमा तय हुन्छन् । द्वन्द्वात्मक सिद्धान्तका नियमहरूको उपयोग र प्रयोगद्वारा समाजको आर्थिक, सांस्कृतिक संरचनाहरू विकसित र परिवर्तित हुँदै आइरहेका छन् ।

समाज विकासको इतिहास सदैव सङ्घर्षमय रहँदै आएको परिप्रेक्ष्यमा जनसाङ्ख्यिकी अध्ययनको क्षेत्र चाहिँ यसबाट अछुतो रहन सक्ने कुरै भएन । विपरितहरूको एकताद्वारा नै कुनै वस्तु, घटना, प्राणीको अस्तित्व हन्छ । दुई तत्त्व बीचको समग्रताले नै वस्तु, घटना, प्राणी वा समाजले पूर्णता प्राप्त गर्दछ । तर यी दुई तत्त्व बीच द्वन्द्व अनिवार्य, निरन्तर र अपरिहार्य हुन्छ । यस्तो द्वन्द्व नै वस्तु, घटना,

प्राणी वा समाजको विकासको स्रोत हो । जनसाङ्ख्यिक अध्ययनका सन्दर्भमा समेत असङ्ख्य अन्तर्विरोधहरू पहिल्याउन सकिन्छ । समाजका अन्तर्विरोधहरू मित्रतापूर्ण, शत्रुतापूर्ण, मूल, आधारभूत आदि विभिन्न ढङ्गले पहिल्याउन सकिन्छ । आत्मसमीक्षा, आलोचना, परस्पर, छलफल र वादविवादबाट मित्रतापूर्ण अन्तर्विरोधको हल गर्न सकिन्छ । तथापि परस्पर विरोधी वर्ग बीचमा शत्रुतापूर्ण वा मूल अन्तर्विरोध रहेको हुन्छ । यस्तो अन्तर्विरोधको हल सङ्घर्षबाट मात्र सम्भव हुन्छ । यस्तो अन्तर्विरोध हल गर्न सहयोगी वा सामान्य अन्तर्विरोध रहेका तत्त्वहरू बीच एकता कायम गरी मूल अन्तर्विरोधमा प्रहार गर्न सक्नुपर्छ । यस प्रकार मार्क्सवादी सिद्धान्त अनुसार असमानताबाट सामाजिक विभेदीकरण हुन्छ र प्राचीन समयदेखि नै समाजमा विभेदीकरण रहीआएको छ । मानव समाज जातीय, वर्गीय, क्षेत्रीय, लिङ्गीय विभिन्न किसिमका विभेदीकरण व्याप्त भएकाले अवसरबाट पछि परेका, सामाजिक रुपमा पिछडिएका, राज्यशक्तिको पहुँचबाट बाहिर परेका र न्यायबाट वञ्चित भएकालाई विभिन्न आरक्षण, सहुलियत, स्थान संरक्षण र अधिकार प्रदान गरेर विभेदीकरण कम पार्नुपर्दछ (काफ्ले, २०७२ बाट उद्धृत) ।

द्वान्द्वात्मक भौतिकवादी सिद्धान्तले भने अनुसार पुर्व नेपालको पहाडी जिल्ला ताप्लेजुङ अन्तर्गत पर्ने हाङदेवा गाउँ विकास समितिको समाज जातीय, वर्गीय, क्षेत्रीय, लिङ्गीय विभिन्न किसिमका विभेदीकरणले व्याप्त भएकाले यस किसिमको समाजमा बासेबास गर्ने अवसरबाट पछि परेका, सामाजिक रुपमा पिछडिएका, राज्यशक्तिको पहुँचबाट बाहिर परेका र न्यायबाट वञ्चित भएका जनसमुदायको प्रजननदरमा विभिनन आर्थिक, सामाजिक तत्त्वहरुले भएको भिन्नताको अध्ययन गर्नका लागि मार्क्सवादी सिद्धान्तलाई आधारका रुपमा लिइएको छ ।

### २.२.२ जनसङ्ख्या सङ्क्रमणको सिद्धान्त

जनसङ्ख्या सङ्क्रमणको सिद्धान्त जनसङ्ख्या अध्ययनका क्षेत्रमा आधुनिक तथा वैज्ञानिक सिद्धान्तका रुपमा परिचित छ । यो सिद्धान्त अन्य सिद्धान्तको तुलनामा वास्तविक तथा ऐतिहासिक जनसाङ्ख्यिक घटनाहरुलाई आधार बनाएर तयार पारिएको सिद्धान्त हो । वास्तवमा यो सिद्धान्तको प्रारुप पश्चिमी

औद्योगिक राष्ट्रहरुको अनुभबाट तयार पारिएको भए तापनि यो विकासशील राष्ट्रहरुका लागि समेत उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

जनसङ्ख्या सङ्क्रमणलाई जनसङ्ख्यामा आएको क्रान्ति वा जनसाङ्ख्यिक चक्र भनेर पनि भन्न सकिन्छ । त्यसै गरी यसलाई जनसङ्ख्याको उच्च स्थीर अवस्थावाट न्यून स्थीर अवस्थामा आइपुग्दा सम्मका सम्पूर्ण प्रवृत्तिहरुको सविस्तार वर्णन हो भनेर समेत भन्ने गरिन्छ । उच्च स्थीर अवस्थाले उच्च जन्मदर तथा उच्च मृत्युदर कायम रहन गई जनसङ्ख्या वृद्धिमा स्थीरता रहेको र न्यून स्थीर अवस्थाले जन्मदर न्यून र न्यून नै मृत्युदर कायम भै जनसङ्ख्या वृद्धि स्थीर रहेको अवस्थालाई सङ्केत गर्दछ ।

जनसङ्ख्या सङ्क्रमणको सिद्धान्तलाई सर्वप्रथम कसले व्याख्या गरेको हो भन्ने कुरामा हालसम्म विवाद नै रहेको भए तापनि प्राप्त ऐतिहासिक तथ्यहरुलाई आधार मानेर भन्नुपर्दा सर्वप्रथम यस सिद्धान्तको व्याख्या सन् १९०९ मा Landry ले गरेका थिए । त्यसपश्चात् सिद्धान्तलाई अझ बढी सैद्धान्तिक रुप दिने कार्य सन् १९२९ मा Warren Thompson ले गरेका थिए । त्यसैले गर्दा Thompson लाई जनसङ्ख्या सङ्क्रमणको सिद्धान्तका जन्मदाता मान्ने गरिन्छ । Warren Thompson भन्दा पछाडि आएर Frank Notestein ले सन् १९४५ मा यस सिद्धान्तलाई अझ परिष्कृत गर्ने कार्य गरेका थिए भने त्यसको ठिक दुई वर्षपश्चात् सन् १९४७ मा C.P. Blacker ले यस सिद्धान्तको वैज्ञानिक ढङ्गले व्याख्या गरेको पाइन्छ ।

C.P. Blacker को सिद्धान्तले जनसङ्ख्या सङ्कमणका तिन अवस्थाहरु हुने अवधारणा अघि सारेको छ । जनसङ्ख्या सङ्कमणको प्रारम्भिक अवस्थामा जन्मदर र मृत्युदर दुवै उच्च भई जनसङ्ख्या विद्धिदर नयून रहने गर्दछ । जनसङ्ख्या वृद्धिदर न्यून रहेको कारण यस अवस्थामा खाद्यान्न र जनसङ्ख्या बिचमा यस अवस्थामा सन्तुलन कायम रहन्छ । जनसङ्ख्या सङ्क्रमणको दोस्रो अर्थात मध्य अवस्थामा औद्योगिक विकास, शिक्षा एवं चेतनाको विकास तथा स्वास्थ्य सेवाको विकासले मृत्युदरमा ह्रास आउँछ तर जन्मदर यथावत नै रहन्छ । परिणामस्वरुप जनसङ्ख्या विद्धिदर उच्च भई खाद्यान्न र जनसङ्ख्याको बिचमा ठूलो अन्तर देखा पर्दछ । यो अवस्थालाई जनसङ्ख्या विष्फोटको अवस्था समेत भनिन्छ । तेस्रो अर्थात

आधुनिक अवस्थामा मानिसको शिक्षा र चेतनाको स्तरमा वृद्धि भई जन्मदरमा समेत ह्रास आउने भएकोले पुनः जनसङ्ख्या विद्धिदर न्यून हुन थाल्दछ। यसले विस्तारै खाद्यान्न र जनसङ्ख्या बिच सन्तुलन कायम गर्दै लैजान्छ (काफ्ले, २०७२ बाट उद्धृत)।

प्रायःजसो जनसङ्ख्या सङ्क्रमणको प्रारम्भिक अवस्था विकासका पूर्वाधार विहिन समाजको विशेषता हो भने विकासशील सामाजिक परिवेशमा सङ्क्रमणको मध्य अवस्था र विकसित सामाजिक परिवेशमा सङ्क्रमणको आधुनिक अवस्था रहेको हुन्छ। यसरी नेपालको सामाजिक परिवेश विकासशील रहेको र जनसङ्ख्या विद्धिदर उच्च रहेको कारण हालको नेपालको जनसङ्ख्या सङ्क्रमण दोस्रो अवस्थामा रहेको देखिन्छ। यसरी सामाजिक परिवेशसँग तादात्म्य राख्ने भएकोले यस सिद्धान्तलाई प्रस्तुत शोधमा आधारका रुपमा लिइएको छ।


## २.३ पुनरावलोकनको उपादेयता

यस अनुसन्धानमा अनुसन्धानसँग सम्बन्धित महत्त्वपूर्ण टिप्पणीहरू समावेश गरिएका छन् जसबाट यस अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनका लागि यस अध्ययनको विषयवस्तुको सन्दर्भमा जानकारी लिन, विषयवस्तु खोज्न र तिनको गहिराइमा पुग्न सहयोग हुन्छ। यस अनुसन्धानमा पहिले भए गरेका अनुसन्धानका महत्त्वपूर्ण सारांश पूर्व साहित्यको समीक्षाका रूपमा पुनरावलोकन गरिएको छ जसबाट त्योभन्दा बढी के खोज गर्ने भन्ने कुरा प्रष्ट हुन्छ। यस अध्ययनको सैद्धान्तिक पुनरावलोकनले यस शोध अध्ययनको विषयवस्तु र त्यसले प्रजननदरमा भएको भिन्नता सम्बन्धी खोज गर्न सहयोग पुऱ्याएको छ। अध्ययनको सैद्धान्तिक आधारका रुपमा पुनरावलोकन गरिएका सिकाइ सिद्धान्त अनुसार जनसङ्ख्या परिवर्तन सम्बन्धी पूर्व जानकारी प्राप्त भएकाले त्यसले प्रस्तुत अध्ययनलाई निष्कर्षमा पुऱ्याउन सहयोग पुऱ्याएको छ। यसरी अनुसन्धानमा पूर्व साहित्यको समीक्षाबाट पूर्व शोधकर्ताहरूको धारणा के रहेछ, आफूले गर्न खोजेको अध्ययन र यस अनुसन्धानको विषयसँग सम्बन्धित अघिल्ला (पूर्ववर्ती) अनुसन्धान बिच के कस्तो रूपमा भिन्नता छ भन्ने कुरा प्रस्तुत गरेको हुँदा पुनरावलोकनको उपादेयता रहेको छ।

## २.४ अवधारणात्मक ढाँचा

प्रस्तुत अनुसन्धानमा आय, पेसा, शिक्षा, जातजाति अप्रत्यक्ष सम्बन्धित तत्त्वहरू अर्थात् सामाजिक आर्थिक तत्त्वहरू हुन् । परिवार नियोजनका साधनहरूको ज्ञान तथा प्रयोग, ढिलो विवाह र स्तनपान प्रत्यक्ष तत्त्वहरू हुन् । यी तत्त्वहरू प्रत्यक्ष रुपमा बालकको सङ्ख्या अर्थात् प्रजननसँग सम्बन्धित तत्त्वहरू हुन् ।

चित्र १ : सामाजिक, आर्थिक तथा अन्य तत्त्वहरूको प्रजननसँग सम्बन्ध सम्बन्धी अवधारणात्मक ढाँचा



प्रस्तुत अवधारणात्मक ढाँचा अनुसार प्रजननसँग सम्बन्धित विभिन्न सामाजिक आर्थिक तत्त्व तथा प्रत्यक्ष तत्त्वहरू रहेको प्रस्ट हुन्छ। तिनीहरू प्रजननसँग सम्बन्धित चरहरूसँग अन्तर्सम्बन्धित रहेका छन् जसले प्रजननलाई प्रत्यक्ष प्रभाव पार्दछन्। उपर्युक्त चित्र अनुसार प्रजननका प्रत्यक्ष तत्त्वहरु अन्तरगत विवाहको उमेर, परिवार नियोजनका साधन सम्बन्धी ज्ञान र प्रयोग तथा स्तनपान पर्दछन् भने अप्रत्यक्ष तत्त्व अन्तरगत आय, पेशा, शिक्षा, धर्म, जातजाति आदि पर्दछन्। यी सबै तत्त्वहरुले कुनै न कुनै रुपमा प्रजननलाई प्रभाव पारिरहेका हुन्छन् र प्रजननमा भिन्नता ल्याउँछन्।

# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं. ४ र ६ मा सामाजिक आर्थिक कारणले प्रजननदरमा भएको भिन्नता विषयक प्रस्तुत अनुसन्धानका लागि परिमाणात्मक र गुणात्मक मिश्रित ढाँचा अवलम्बन गरिएको छ ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

प्रस्तुत अनुसन्धानका लागि ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ र ६ मा बसोबास गर्ने १५ देखि ४९ वर्ष उमेर समूहका सम्पूर्ण विवाहित महिलाहरु (२१७ जना) लाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

प्रस्तुत अध्ययन सम्पन्न गर्ने क्रममा ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिका ९ वटा वडाहरु मध्ये वडा नं. ४ र ६ लाई नमुनाको रुपमा लिई सो क्षेत्रमा बसोबास गर्ने १५-१९ वर्ष उमेर समूहका ९० जना (प्रत्येक वडाबाट ४५ जना) विवाहित महिलाहरुलाई नमुना जनसङ्ख्याको रुपमा छनोट गरिएको छ ।

प्रस्तुत अनुसन्धानका लागि ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ र ६ सुविधाका दृष्टिकोणले पछाडि परेका वडाहरू भएकाले ती वडाहरूलाई उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको हो । उक्त वडाहरुमा बसोबास गर्ने १५-१९ वर्ष उमेर समूहका कुल २१७ जना विवाहित महिलाहरु मध्ये सम्भावनायुक्त नमुना छनोट विधिबाट ९० जना महिलाहरुको छनोट गरिएको छ ।

## ३.३ अध्ययनका साधनहरु

अनुसन्धानका लागि तथ्याङ्क सङ्कलन गर्न अवलोकन र अन्तरवार्ता सूचीको प्रयोग गरिएको छ । नमुना छनोट गरिएका प्रत्येक महिलालाई प्रश्नावली वितरण गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ साधनको वैधता

प्रस्तुत अनुसन्धानका लागि निर्माण गरिएका साधनहरुको वैधताका लागि छनोटमा परेका महिलाहरुको सानो समूह बनाई १० जना उत्तरदातामा उक्त साधनहरुलाई परीक्षण प्रयोग गरी प्रापत नतिजालार्य विश्लेषण गरिएको छ । त्यसपछि आवश्यकता अनुसार शोध निर्देशक एवं सम्बन्धित विज्ञहरुको समेत राय लिई साधनको परिमार्जन समेत गरिएको छ ।

## ३.५ तथ्याङ्कको स्रोत

प्रस्तुत अनुसन्धानमा प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट तथ्याङ्क लिइएको छ । अध्ययन क्षेत्रका नमुनामा परेका महिलाहरुबाट अन्तरवार्ता सूची तथा अवलोकनको माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने हाङदेवा गाउँ विकास समितिमा रहेको अभिलेख, अध्ययनको शीर्षकसँग मिल्ने विभिन्न पुस्तक, पत्रिका आदिबाट द्वितीयक स्रोतका तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

नमुना छनोट गरिएका महिलाहरूबाट अन्तरवार्ता सूचीको माध्यमबाट प्रजननमा भएको भिन्नताको तथ्याङ्क सङ्कलन गरिएको छ । नमुना छनोट गरिएका प्रत्येक उत्तरदाता समक्ष अनुसन्धानकर्ता आफैं पुगी प्रत्यक्ष भेटघाटद्वारा अध्ययनको उद्देश्य प्रष्ट पारी अन्तरवार्ता सूचीको उपयोग गरी जानकारी सङ्कलन गरिएको छ । विवरण भर्न नसक्ने लेखपढ गर्न नसक्ने उत्तरदाताबाट प्रश्नावली अनुसारका प्रश्न अनुसन्धानकर्तालेे नै प्रस्तुत गरी उनीहरूबाट प्राप्त उत्तर सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

तथ्याङ्क सङ्कलनका साधनहरूबाट सङ्कलित प्राथमिक तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय विधिहरूको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । आवश्यकता अनुसार तथ्याङ्कलाई प्रतिशत, तालिका, स्तम्भचित्र र वृत्तचित्रमा प्रस्तुत गरिएको छ । प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार

# नतिजाको छलफल

यस परिच्छेदमा सङ्कलित तथ्याङ्कलाई प्रस्तुततीकरण गरी आवश्यकताअनुसार गुणात्मक र परिमाणात्मक दुवै विधिहरूको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ र निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

## ४.१ सामाजिक आर्थिक अवस्था

अध्ययन क्षेत्रको सामाजिक आर्थिक अवस्थालाई निम्न उपशीर्षकहरूमा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ।

### ४.१.१ जनसङ्ख्याको वितरण

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का १५-४९ वर्ष उमेर समूहका विवाहित महिलाहरुको जनसङ्ख्याको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १ : विवाहित महिलाहरुको जनसङ्ख्याको विवरण

| वडा नं. | जम्मा घरधुरी सङ्ख्या | विवाहित महिलाको सङ्ख्या |
|---|---|---|
| ४ | ७५ | १०२ |
| ६ | १०४ | ११५ |
| जम्मा | १७९ | २१७ |

प्रस्तुत तालिकाअनुसार ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ मा ७५ घरधुरीमा १०२ जना विवाहित महिलाहरू रहेको देखिन्छ भने वडा नं. ६ मा १०४ घरधुरीमा ११५ जना विवाहित महिलाहरू रहेको देखिन्छ। उक्त दुवै वडाहरूमा कुल १७९ घरधुरीहरू रहेको तथा कुल विवाहित महिलाहरूको सङ्ख्या २१७ रहेको देखिन्छ।

### ४.१.२ उमेरगत जनसङ्ख्याको वितरण

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का महिलाहरूको उमेर सम्बन्धी अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :


तालिका २ : जनसङ्ख्याको उमेरगत विवरण

| उमेर समूह | विवाहित महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५-१९ | ३२ | १४.७४ |
| २०-२४ | ५३ | २४.४२ |
| २५-२९ | ४९ | २२.५८ |
| ३०-३४ | २६ | ११.९८ |
| ३५-३९ | १७ | ७.८३ |
| ४०-४४ | २१ | ९.६८ |
| ४५-४९ | १९ | ८.७७ |
| जम्मा | २१७ | १००.०० |

प्रस्तुत तालिकाअनुसार सबैभन्दा बढी विवाहित महिलाहरू २० -२४ वर्ष उमेर समूहमा ५३ जना (२४.४२%) रहेका छन् भने सबैभन्दा कम ३५ - ३९ वर्ष उमेर समूहमा १७ जना (७.८३%) रहेका छन् । त्यसरी नै २५ -२९ वर्ष समूहमा ४९ जना (२२.५८%), १५ - १९ वर्ष समूहमा ३२ जना (१४.७४%), ३० - ३४ वर्ष समूहमा २६ जना (११.९८%), ४० - ४४ वर्ष समूहमा २१ जना (९.६८%) र ४५ - ४९ वर्ष समूहमा १९ जना (८.७७%) रहेका छन् ।

माथिको तालिकालाई वृत्तचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र २ : जनसङ्ख्याको उमेरगत विवरण




प्रस्तुत चित्रअनुसार सबैभन्दा बढी विवाहित महिलाहरू २० -२४ वर्ष उमेर समूहमा ५३ जना (२४.४२%) रहेका छन् भने सबैभन्दा कम ३५ - ३९ वर्ष उमेर समूहमा १७ जना (७.८३%) रहेका छन् । त्यसरी नै २५ -२९ वर्ष समूहमा ४९ जना ( २२.५८%), १५ - १९ वर्ष समूहमा ३२ जना (१४.७४%), ३० - ३४ वर्ष समूहमा २६ जना (११.९८%), ४० - ४४ वर्ष समूहमा २१ जना (९.६८%) र ४५ -४९ वर्ष समूहमा १९ जना (८.७७%) रहेका छन् ।

### ४.१.३ वैवाहिक अवस्था

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको विवाह हुँदाको उमेर सम्बन्धी अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :


तालिका ३ : विवाह हुँदाको उमेर सम्बन्धी अवस्थाको विवरण

| क्रम सङ्ख्या | विवाह हुँदाको उमेर | महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १२-१५ वर्ष | ३५ | ३८.८९ |
| २ | १५-१८ वर्ष | ३० | ३३.३३ |
| ३ | १८-२१ वर्ष | १२ | १३.३३ |
| ४ | २१-२५ वर्ष | ८ | ८.८९ |
| ५ | २५ वर्षभन्दा माथि | ५ | ५.५६ |
| | जम्मा | ९० | १००.०० |

माथिको तालिकाअनुसार अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरूमध्ये धेरैजसो महिलाहरूको कम उमेरमा नै विवाह भएको देखिन्छ। अध्ययन गरिएका मध्ये ३५ जना (३८.८९%) महिलाहरूको विवाह १५ वर्षभन्दा कम उमेरमा नै भइसकेको पाइन्छ भने ३० जना (३३.३३%) महिलाहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा भएको देखिन्छ। १२ जना (१३.३३%) महिलाहरूको १८ - २१ वर्षमा, ८ जना (८.८९%) महिलाहरूको २१ -२५ वर्षमा र ५ जना (५.५६%) महिलाहरूको विवाह २५ वर्षभन्दा माथिको उमेरमा भएको देखिन्छ। कम उमेरमा नै विवाह गरेका महिलाहरूको प्रजनन अवधि लामो हुने भएकाले प्रजननदर बढी हुनसक्ने देखिन्छ।

माथिको तालिकालाई वृत्तचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र ३ : विवाह हुँदाको उमेर सम्बन्धी अवस्थाको वृत्तचित्र




माथिको चित्रअनुसार अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरूमध्ये धेरैजसो महिलाहरूको कम उमेरमा नै विवाह भएको देखिन्छ । अध्ययन गरिएका मध्ये ३५ जना (३८.८९%) महिलाहरूको विवाह १५ वर्षभन्दा कम उमेरमा नै भइसकेको पाइन्छ भने ३० जना (३३.३३%) महिलाहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा भएको देखिन्छ । १२ जना (१३.३३%) महिलाहरूको १८ - २१ वर्षमा, ८ जना ( ८.८९%) महिलाहरूको २१ -२५ वर्षमा र ५ जना (५.५६%) महिलाहरूको विवाह २५ वर्षभन्दा माथिको उमेरमा भएको देखिन्छ । कम उमेरमा नै विवाह गरेका महिलाहरूको प्रजनन अवधि लामो हुने भएकाले प्रजननदर बढी हुनसक्ने देखिन्छ ।

### ४.१.४ जातजातिगत अवस्था

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको जातजातिगत अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४ : जातजातिगत अवस्थाको विवरण

| क्रम सङ्ख्या | जातजाति | महिलाको सङ्ख्या | प्रतिशत |
| --- | --- | --- | --- |
| १ | ब्राह्मण | १५ | १६.६७ |
| २ | क्षेत्री | ३१ | ३४.४५ |
| ३ | लिम्बू | २० | २२.२२ |
| ४ | राई | ४ | ४.४४ |
| ५ | नेवार | ४ | ४.४४ |
| ६ | तामाङ | ५ | ५.५६ |
| ७ | दमाईं | ३ | ३.३३ |
| ८ | कामी | ६ | ६.६७ |
| ९ | सार्की | २ | २.२२ |
| | जम्मा | ९० | १०० |

तालिका ४ अनुसार अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरूमध्ये सबैभन्दा बढी ३१ जना (३४.४५%) क्षेत्री र सबैभन्दा कम २ जना (२.२२%) सार्की जातिका रहेको पाइयो । त्यसरी नै लिम्बू २० जना (२२.२२%), ब्राह्मण १५ जना (१६.६७%), कामी ६ जना (६.६७%), तामाङ ५ जना (५.५६%), राई र नेवार दुवै ४/४ जना (४.४४%) र दमाईं ३ जना (३.३३%) रहेको पाइयो । यसरी जातजातिगत हिसाबमा क्षेत्री र लिम्बू जातिको बाहुल्यता रहेको देखिन्छ ।

### ४.१.५ धार्मिक अवस्था

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको धार्मिक अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५ : धार्मिक अवस्थाको विवरण

| क्रम सङ्ख्या | धर्म | महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | ५७ | ६३.३३ |
| २ | बौद्ध | ९ | १०.०० |
| ३ | किरात | २४ | २६.६७ |
| | जम्मा | ९० | १००.०० |

तालिका ५ अनुसार अध्ययन क्षेत्रमा सबैभन्दा बढी हिन्दू धर्मावलम्बीहरूको बसोबास रहेको पाइयो । अध्ययन गरिएका महिलाहरूमध्ये ५७ जना (६३.३३%) हिन्दू धर्मावलम्बीहरू पाइए भने किरात धर्मावलम्बीहरू २४ जना (२६.६७%) र बौद्ध धर्मावलम्बीहरू ९ जना (१०%) रहेको पाइयो ।

### ४.१.६ शैक्षिक अवस्था

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको शैक्षिक अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६ : शैक्षिक अवस्थाको विवरण

| क्रम सङ्ख्या | शैक्षिक स्तर | महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | २८ | ३१.१२ |
| २ | साक्षर | ४४ | ४८.८९ |
| ३ | माध्यमिक तह उत्तीर्ण | १३ | १४.४४ |
| ४ | प्रमाणपत्र तह उत्तीर्ण | ३ | ३.३३ |
| ५ | स्नातक तह उत्तीर्ण | २ | २.२२ |
| | जम्मा | ९० | १००.०० |

माथिको तालिका अनुसार कुल महिलाहरूको ३१.१२% अर्थात २८ जना निरक्षर रहेको पाइयो भने अन्य महिलाहरू साक्षर र शिक्षित रहेको पाइयो । जम्मा महिलाहरूको ४८.८९% अर्थात ४४ जना महिलाहरू साक्षर रहेको पाइयो भने १४.४४% अर्थात १३ जना महिलाहरूले माध्यमिक तहसम्मको शिक्षा हासिल गरेको

पाइयो । त्यसरी नै ३.३३% अर्थात ३ जना महिलाहरूले प्रमाणपत्र तहसम्मको र २.२२% अर्थात २ जना महिलाहरूले स्नातक तहसम्मको शिक्षा हासिल गरेको पाइयो ।

### ४.१.७ पेशागत अवस्था

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको पेशागत अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७ : पेशागत अवस्थाको विवरण

| क्रम सङ्ख्या | पेशा | महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५० | ५५.५७ |
| २ | व्यापार | ४ | ४.४४ |
| ३ | मजदुरी | २६ | २८.८९ |
| ४ | सरकारी जागीर | ३ | ३.३३ |
| ५ | गैर सरकारी जागीर | ४ | ४.४४ |
| ६ | वैदेशिक रोजगारी | ३ | ३.३३ |
| | जम्मा | ९० | १००.०० |

तालिकाअनुसार अध्ययन क्षेत्रका अधिकांश महिलाहरूको प्रमुख पेशा कृषि नै रहेको पाइयो । जम्मा महिलाहरूमध्ये ५० जना (५५.५७%) कृषि पेशामा आश्रित पाइयो भने २६ जना (२८.८९% मजदुरी गर्ने पाइयो । त्यसरी नै व्यापारमा ४ जना (४.४४%), गैर सरकारी जागीरमा ४ जना (४.४४%), सरकारी जागीरमा ३ जना (३.३३%) र वैदेशिक रोजगारीमा ३ जना (३.३३%) आश्रित रहेको पाइयो ।

### ४.१.८ आयस्तरको अवस्था

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको वार्षिक आयस्तरको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ८ : आयस्तरको विवरण

| क्रम सङ्ख्या | वार्षिक आय स्तर | महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु १० हजारभन्दा कम | ५ | ५.५५ |
| २ | रु १० देखि २० हजार | ७ | ७.७८ |
| ३ | रु २० देखि ३० हजार | ६ | ६.६७ |
| ४ | रु ३० देखि ४० हजार | ४० | ४४.४५ |
| ५ | रु ४० देखि ५० हजार | २२ | २४.४४ |
| ६ | रु ५० हजारभन्दा बढी | १० | ११.११ |
| | जम्मा | ९० | १००.०० |

माथिको तालिकाको अध्ययन गर्दा अधिकांश महिलाहरूको आर्थिक स्तर मध्यम रहेको पाइयो । वार्षिक आय ३० देखि ४० हजार रुपयाँ हुने महिलाहरूको सङ्ख्या सबभन्दा बढी ४० जना (४४.४५%) रहेको पाइयो । त्यसरी नै ४० देखि ५० हजार वार्षिक आय हुने २२ जना (२४.४४%), १० देखि २० हजार वार्षिक आय हुने ७ जना (७.७८%), २० देखि ३० हजार वार्षिक आय हुने ६ जना (६.६७%), रु १० हजारभन्दा कम वार्षिक आय हुने ५ जना (५.५५%) र ५० हजारभन्दा बढी वार्षिक आय हुने १० जना (११.११%) रहेको पाइयो ।

## ४.२ प्रजननदरको अध्ययन

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरूको प्रजननदरको अवस्थालाई निम्न उपशीर्षकहरूमा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१ शैक्षिक स्तरको आधारमा प्रजननदर

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको शैक्षिक अवस्थाअनुसारको प्रजननदरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ९ : शैक्षिक स्तरको आधारमा प्रजननदर विवरण

| क्रम सङ्ख्या | शैक्षिक स्तर | महिलाको सङ्ख्या | प्रजननदर |
|---|---|---|---|
| १ | निरक्षर | २८ | ४.५ |
| २ | साक्षर | ४४ | ३.८ |
| ३ | माध्यमिक तह उत्तीर्ण | १३ | २.६ |
| ४ | प्रमाणपत्र तह उत्तीर्ण | ३ | २.१ |
| ५ | स्नातक तह उत्तीर्ण | २ | २ |
| | जम्मा | ९० | |

माथिको तालिकाअनुसार महिलाको शैक्षिक स्तरअनुसार प्रजननदर फरक परेको देखिन्छ। निरक्षर महिलाहरूको प्रजननदर सबैभन्दा बढी ४.५ पाइएको छ भने स्नातक तहसम्मको शिक्षा हासिल गरेका महिलाहरूको प्रजननदर सबैभन्दा कम २ मात्र पाइएको छ। त्यसरी नै साक्षर महिलाहरूको प्रजननदर ३.८, माध्यमिक तहसम्मको शिक्षा हासिल गरेका महिलाहरूको प्रजननदर २.६ र प्रमाणपत्र तहसम्मको शिक्षा हासिल गरेका महिलाहरूको प्रजननदर २.१ पाइएको छ।

शिक्षाले चेतना समेत दिने भएकाले महिलाहरू शिक्षित र चेतनशील भएमा आफूले कति सन्तानलाई जन्म दिने र कतिजनालाई उपयुक्त भरणपोषण गर्न सकिन्छ भन्ने निर्क्यौल गरी सोही बमोजिमको सङ्ख्यामा सन्तान जन्माउने भएकाले तथा शिक्षित महिलाहरूको परिवारमा समेत राम्रो स्थान रहने भई परिवारमा उनीहरूको विचारले राम्रो स्थान पाउने भएका कारण प्रजननदर कम रहन गएको तथ्य माथिको तालिकाले पुष्टि गरेको छ।

### ४.२.२ आयस्तरको आधारमा प्रजननदर

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको आयस्तरको आधारमा प्रजननदरको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १० : आयस्तरको आधारमा प्रजननदर विवरण

| क्रम सङ्ख्या | आय स्तर | महिलाको सङ्ख्या | प्रजननदर |
|---|---|---|---|
| १ | रु १० हजारभन्दा कम | ५ | ४.४ |
| २ | रु १० देखि २० हजार | ७ | ४.१ |
| ३ | रु २० देखि ३० हजार | ६ | ३.८ |
| ४ | रु ३० देखि ४० हजार | ४० | ३.० |
| ५ | रु ४० देखि ५० हजार | २७ | २.७ |
| ६ | रु ५० हजारभन्दा बढी | ५ | २.१ |
| | जम्मा | ९० | |

माथिको तालिकाको अध्ययन गर्दा आयस्तर कम भएका महिलाहरूको प्रजननदर तुलनात्मक रुपमा बढी र आयस्तर बढी भएका महिलाहरूको प्रजननदर तुलनात्मक रुपमा कम देखिन्छ। वार्षिक रु १० हजारभन्दा कम आय हुने महिलाहरूको प्रजननदर सबैभन्दा उच्च ४.४ देखिन्छ भने वार्षिक रु ५० हजारभन्दा बढी आय हुने महिलाहरूको प्रजननदर सबैभन्दा कम २.१ मात्र देखिन्छ। त्यसरी नै १० हजारदेखि २० हजारसम्म आय हुने महिलाहरूको प्रजननदर ४.१, २० हजारदेखि ३० हजारसम्म आय हुने महिलाहरूको प्रजननदर ३.८, ३० हजारदेखि ४० हजारसम्म आय हुने महिलाहरूको प्रजननदर ३.० र ४० हजारदेखि ५० हजारसम्म आय हुने महिलाहरूको प्रजननदर २.७ रहेको देखिन्छ।

### ४.२.३ धार्मिक अवस्थाअनुसार प्रजननदर

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको धार्मिक अवस्थाअनुसारको प्रजननदरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ११ : धार्मिक अवस्थाअनुसारको प्रजननदर विवरण

| क्रम सङ्ख्या | धर्म | महिलाको सङ्ख्या | प्रजननदर |
|---|---|---|---|
| १ | हिन्दू | ५७ | ३.४ |
| २ | बौद्ध | ९ | ३.८ |
| ३ | किरात | २४ | ४.१ |
| | जम्मा | ९० | |

माथिको तालिकाको अध्ययन गर्दा किरात धर्मावलम्बी महिलाहरूको प्रजननदर सबैभन्दा बढी ४.१ र हिन्दू धर्मावलम्बी महिलाहरूको प्रजननदर सबैभन्दा कम ३.४ रहेको देखिन्छ । त्यसरी नै बौद्ध धर्मावलम्बी महिलाहरूको प्रजननदर ३.८ रहेको देखिन्छ ।

### ४.२.४ पेशागत अवस्थाअनुसार प्रजननदर

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको पेशागत अवस्थाअनुसारको प्रजननदरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १२ :पेशागत अवस्थाअनुसारको प्रजननदर विवरण

| क्रम सङ्ख्या | पेशा | महिलाको सङ्ख्या | प्रजननदर |
|---|---|---|---|
| १ | कृषि | ५० | ४.३ |
| २ | व्यापार | ४ | ३.१ |
| ३ | मजदुरी | २६ | ४.२ |
| ४ | सरकारी जागीर | ३ | २.१ |
| ५ | गैर सरकारी जागीर | ४ | २.६ |
| ६ | वैदेशिक रोजगारी | ३ | २.० |
| | जम्मा | ९० | |

माथिको तालिकाअनुसार महिलाहरूको पेशा व्यवसायले प्रजननदरमा फरक पारेको देखिन्छ। सरकारी जागीरमा वा वैदेशिक रोजगारीमा रहेका महिलाहरूको प्रजननदर कृषि वा मजदुरी पेशामा लागेका महिलाहरूको तुलनामा निकै कम देखिनुले यस कुरालाई पुष्टि गरेको छ। तालिकाअनुसार कृषि पेशा गर्ने महिलाहरूको प्रजननदर ४.३ रहेको छ भने मजदुरी पेशामा संलग्न रहेका महिलाहरूको प्रजननदर ४.२ रहेको छ। त्यसरी नै व्यापार गर्ने महिलाहरूको प्रजननदर ३.१, गैर सरकारी जागीरमा आश्रित महिलाहरूको प्रजननदर २.६, सरकारी जागीरमा संलग्न महिलाहरूको प्रजननदर २.१ र वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको प्रजननदर २.० रहेको छ।

महिलाहरू संलग्न रहेको पेशा व्यवसाय तथा त्यसबाट प्राप्त हुने आयआर्जनको अवस्थाले प्रजननदरमा प्रत्यक्ष प्रभाव पारेको तथ्य माथिको तालिकामा प्रस्तुत तथ्याङ्कले पुष्टि गरेको छ। न्यून आयआर्जन हुनसक्ने कृषि तथा मजदुरी पेशामा संलग्न महिलाहरूको प्रजननदर बढी रहनु तथा सरकारी जागीर वा वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको आयआर्जन राम्रो रहेको तथा बाह्य सम्पर्क समेत बढी हुने गरेकाले त्यस्ता महिलाहरूको प्रजननदर कम देखिएको छ।

### ४.२.५ वैवाहिक अवस्थाअनुसार प्रजननदर

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको विवाह हुँदाको उमेर सम्बन्धी अवस्थाअनुसारको प्रजननदरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १३ : विवाह हुँदाको उमेर सम्बन्धी अवस्थाअनुसारको प्रजननदर विवरण

| क्रम सङ्ख्या | विवाह हुँदाको उमेर | महिलाको सङ्ख्या | प्रजननदर |
|---|---|---|---|
| १ | १२-१५ वर्ष | ३५ | ४.५ |
| २ | १५-१८ वर्ष | ३० | ३.८ |
| ३ | १८-२१ वर्ष | १२ | ३.१ |
| ४ | २१-२५ वर्ष | ८ | २.८ |
| ५ | २५ वर्षभन्दा माथि | ५ | २ |

माथिको तालिकाको अध्ययन गर्दा कम उमेरमा नै विवाह गर्ने महिलाहरूको प्रजननदर ढिलो विवाह गर्ने महिलाहरूको तुलनामा निकै उच्च रहेको देखिन्छ। तालिकाअनुसार १२ देखि १५ वर्षको उमेरमा विवाह भएका महिलाहरूको प्रजननदर ४.५ रहेको देखिन्छ भने १५ देखि १८ वर्षमा विवाह भएका महिलाहरूको प्रजननदर ३.८ रहेको देखिन्छ। त्यसरी नै १८ देखि २१ वर्षको उमेरमा विवाह भएका महिलाहरूको प्रजननदर ३.१, २१ देखि २५ वर्षमा विवाह भएका महिलाहरूको प्रजननदर २.८ र २५ वर्षभन्दा बढी उमेरमा विवाह भएका महिलाहरूको प्रजननदर २ रहेको देखिन्छ। यसबाट कम उमेरमा विवाह भएका महिलाहरूको प्रजनन अवधि लामो भएका कारण प्रजननदर बढी भएको स्पष्ट हुन्छ।

### ४.२.६ जातजातिगत अवस्थाअनुसार प्रजननदर

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं ४ र ६ का अध्ययनका लागि छनोट गरिएका महिलाहरूको जातजातिगत अवस्थाअनुसारको प्रजननदरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १४ : जातजातिगत अवस्थाअनुसारको प्रजननदर विवरण

| क्रम सङ्ख्या | जातजाति | महिलाको सङ्ख्या | प्रजननदर |
|---|---|---|---|
| १ | ब्राह्मण | १५ | २.८ |
| २ | क्षेत्री | ३१ | ३.१ |
| ३ | लिम्बू | २० | ४.१ |
| ४ | राई | ४ | ४.१ |
| ५ | नेवार | ४ | २.६ |
| ६ | तामाङ | ५ | ३.१ |
| ७ | दमाईं | ३ | ४.० |
| ८ | कामी | ६ | ४.२ |
| ९ | सार्की | २ | ४.२ |

माथिको तालिकामा ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिका १५ देखि ४९ वर्षसम्मका विवाहित महिलाहरूको जातिगत आधारमा प्रजननदर प्रस्तुत गरिएको छ। जातिगत रुपमा हेर्दा सबैभन्दा बढी प्रजननदर कामी र सार्की जातिमा ४.२ पाइयो भने सबैभन्दा कम प्रजननदर नेवार जातिमा २.६ पाइयो। त्यसरी नै राई र लिम्बू जातिमा ४.१, दमाईं जातिमा ४.०, क्षेत्री र तामाङ जातिमा ३.१ र ब्राह्मण जातिमा प्रजननदर २.८ रहेको पाइयो। यसरी हेर्दा जातिगत आधारमा प्रजननदरमा ठूलो भिन्नता रहेको देखियो।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा सङ्कलित तथ्याङ्कको प्रस्तुतीकरण र व्याख्या विश्लेषण पश्चात प्राप्त निष्कर्ष प्रस्तुत गरी आवश्यक देखिएका सुझावहरू पेश गरिएको छ ।

## ५.१ प्राप्ति

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ मा ७५ घरधुरीमा १०२ जना विवाहित महिलाहरू र वडा नं. ६ मा १०४ घरधुरीमा ११५ जना विवाहित महिलाहरू गरी कुल १७९ घरधुरीहरूमा कुल २१७ जना विवाहित महिलाहरूको सङ्ख्या रहेका छन् ।

उमेरगत हिसाबले सबैभन्दा बढी विवाहित महिलाहरू २० -२४ वर्ष उमेर समूहमा ५३ जना (२४.४२%) रहेका छन् भने सबैभन्दा कम ३५ - ३९ वर्ष उमेर समूहमा १७ जना (७.८३%) रहेका छन् । त्यसरी नै २५ -२९ वर्ष समूहमा ४९ जना (२२.५८%), १५ - १९ वर्ष समूहमा ३२ जना (१४.७४%), ३० - ३४ वर्ष समूहमा २६ जना (११.९८%), ४० - ४४ वर्ष समूहमा २१ जना (९.६८%) र ४५ -४९ वर्ष समूहमा १९ जना (८.७७%) रहेका छन् ।

अध्ययन गरिएका मध्ये ३५ जना (३८.८९%) महिलाहरूको विवाह १५ वर्षभन्दा कम उमेरमा नै भइसकेको पाइन्छ भने ३० जना (३३.३३%) महिलाहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा भएको देखिन्छ । १२ जना (१३.३३%) महिलाहरूको १८ - २१ वर्षमा, ८ जना (८.८९%) महिलाहरूको २१ -२५ वर्षमा र ५ जना (५.५६%) महिलाहरूको विवाह २५ वर्षभन्दा माथिको उमेरमा भएको देखिन्छ । कम उमेरमा नै विवाह गरेका महिलाहरूको प्रजनन अवधि लामो हुने भएकाले प्रजननदर बढी हुनसक्ने देखिन्छ ।

जातजातिगत हिसाबले सबैभन्दा बढी ३१ जना (३४.४५%) क्षेत्री र सबैभन्दा कम २ जना (२.२२%) सार्की जातिका रहेको पाइयो । त्यसरी नै लिम्बू २० जना (२२.२२%), ब्राह्मण १५ जना (१६.६७%), कामी ६ जना (६.६७%), तामाङ ५ जना

(५.५६%), राई र नेवार दुवै ४/४ जना (४.४४%) र दमाईं ३ जना (३.३३%) रहेको पाइयो । यसरी जातजातिगत हिसाबमा क्षेत्री र लिम्बू जातिको बाहुल्यता रहेको देखिन्छ ।

अध्ययन क्षेत्रमा सबैभन्दा बढी हिन्दू धर्मावलम्बीहरूको बसोबास रहेको पाइयो । अध्ययन गरिएका महिलाहरूमध्ये ५७ जना (६३.३३%) हिन्दू धर्मावलम्बीहरू पाइए भने किरात धर्मावलम्बीहरू २४ जना (२६.६७%) र बौद्ध धर्मावलम्बीहरू ९ जना (१०%) रहेको पाइयो ।

शैक्षिक दृष्टिले कुल महिलाहरूको ३१.१२% अर्थात २८ जना निरक्षर रहेको पाइयो भने अन्य महिलाहरू साक्षर र शिक्षित रहेको पाइयो । जम्मा महिलाहरूको ४८.८९% अर्थात ४४ जना महिलाहरू साक्षर रहेको पाइयो भने १४.४४% अर्थात १३ जना महिलाहरूले माध्यमिक तहसम्मको शिक्षा हासिल गरेको पाइयो । त्यसरी नै ३.३३% अर्थात ३ जना महिलाहरूले प्रमाणपत्र तहसम्मको र २.२२% अर्थात २ जना महिलाहरूले स्नातक तहसम्मको शिक्षा हासिल गरेको पाइयो ।

अध्ययन क्षेत्रका अधिकांश महिलाहरूको प्रमुख पेशा कृषि नै रहेको पाइयो । जम्मा महिलाहरूमध्ये ५० जना (५५.५७%) कृषि पेशामा आश्रित पाइयो भने २६ जना (२८.८९% मजदुरी गर्ने पाइयो । त्यसरी नै व्यापारमा ४ जना (४.४४%), गैर सरकारी जागीरमा ४ जना (४.४४%), सरकारी जागीरमा ३ जना (३.३३%) र वैदेशिक रोजगारीमा ३ जना (३.३३%) आश्रित रहेको पाइयो ।

अधिकांश महिलाहरूको आर्थिक स्तर मध्यम रहेको पाइयो । वार्षिक आय ३० देखि ४० हजार रुपयाँ हुने महिलाहरूको सङ्ख्या सबभन्दा बढी ४० जना (४४.४५%) रहेको पाइयो । त्यसरी नै ४० देखि ५० हजार वार्षिक आय हुने २७ जना (३०%), १० देखि २० हजार वार्षिक आय हुने ७ जना (७.७८%), २० देखि ३० हजार वार्षिक आय हुने ६ जना (६.६७%), रु १० हजारभन्दा कम वार्षिक आय हुने ५ जना (५.५५%) र ५० हजारभन्दा बढी वार्षिक आय हुने ५ जना (५.५५%) रहेको पाइयो ।

महिलाको शैक्षिक स्तरअनुसार प्रजननदर फरक परेको देखिन्छ । निरक्षर महिलाहरूको प्रजननदर सबैभन्दा बढी ४.५ पाइएको छ भने स्नातक तहसम्मको

शिक्षा हासिल गरेका महिलाहरूको प्रजननदर सबैभन्दा कम २ मात्र पाइएको छ। त्यसरी नै साक्षर महिलाहरूको प्रजननदर ३.८, माध्यमिक तहसम्मको शिक्षा हासिल गरेका महिलाहरूको प्रजननदर २.६ र प्रमाणपत्र तहसम्मको शिक्षा हासिल गरेका महिलाहरूको प्रजननदर २.१ पाइएको छ।

वार्षिक रु १० हजारभन्दा कम आय हुने महिलाहरूको प्रजननदर सबैभन्दा उच्च ४.४ देखिन्छ भने वार्षिक रु ५० हजारभन्दा बढी आय हुने महिलाहरूको प्रजननदर सबैभन्दा कम २.१ मात्र देखिन्छ। त्यसरी नै १० हजारदेखि २० हजारसम्म आय हुने महिलाहरूको प्रजननदर ४.१, २० हजारदेखि ३० हजारसम्म आय हुने महिलाहरूको प्रजननदर ३.८, ३० हजारदेखि ४० हजारसम्म आय हुने महिलाहरूको प्रजननदर ३.० र ४० हजारदेखि ५० हजारसम्म आय हुने महिलाहरूको प्रजननदर २.७ रहेको देखिन्छ।

किरात धर्मावलम्बी महिलाहरूको प्रजननदर सबैभन्दा बढी ४.१ र हिन्दू धर्मावलम्बी महिलाहरूको प्रजननदर सबैभन्दा कम ३.४ रहेको देखिन्छ। त्यसरी नै बौद्ध धर्मावलम्बी महिलाहरूको प्रजननदर ३.८ रहेको देखिन्छ।

कृषि पेशा गर्ने महिलाहरूको प्रजननदर ४.३ रहेको छ भने मजदुरी पेशामा संलग्न रहेका महिलाहरूको प्रजननदर ४.२ रहेको छ। त्यसरी नै व्यापार गर्ने महिलाहरूको प्रजननदर ३.१, गैर सरकारी जागीरमा आश्रित महिलाहरूको प्रजननदर २.६, सरकारी जागीरमा संलग्न महिलाहरूको प्रजननदर २.१ र वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको प्रजननदर २.० रहेको छ।

कम उमेरमा नै विवाह गर्ने महिलाहरूको प्रजननदर ढिलो विवाह गर्ने महिलाहरूको तुलनामा निकै उच्च रहेको देखिन्छ। तालिकाअनुसार १२ देखि १५ वर्षको उमेरमा विवाह भएका महिलाहरूको प्रजननदर ४.५ रहेको देखिन्छ भने १५ देखि १८ वर्षमा विवाह भएका महिलाहरूको प्रजननदर ३.८ रहेको देखिन्छ। त्यसरी नै १८ देखि २१ वर्षको उमेरमा विवाह भएका महिलाहरूको प्रजननदर ३.१, २१ देखि २५ वर्षमा विवाह भएका महिलाहरूको प्रजननदर २.८ र २५ वर्षभन्दा बढी उमेरमा विवाह भएका महिलाहरूको प्रजननदर २ रहेको देखिन्छ। यसबाट कम उमेरमा

विवाह भएका महिलाहरूको प्रजनन अवधि लामो भएका कारण प्रजननदर बढी भएको स्पष्ट हुन्छ ।

जातिगत रुपमा हेर्दा सबैभन्दा बढी प्रजननदर कामी र सार्की जातिमा ४.२ पाइयो भने सबैभन्दा कम प्रजननदर नेवार जातिमा २.६ पाइयो । त्यसरी नै राई र लिम्बू जातिमा ४.१, दमाइँ जातिमा ४.०, क्षेत्री र तामाङ जातिमा ३.१ र ब्राह्मण जातिमा प्रजननदर २.८ रहेको पाइयो । यसरी हेर्दा जातिगत आाधारमा प्रजननदरमा ठूलो भिन्नता रहेको देखियो ।

## ५.२ निष्कर्ष

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं. ४ र ६ का महिलाहरूमा सामाजिक आर्थिक कारणले प्रजननदरमा भएको भिन्नता शीर्षकमा गरिएको प्रस्तुत शोध अध्ययनमा प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण पश्चात निम्न निष्कर्ष निकालिएको छ :

शिक्षाले चेतना समेत दिने भएकाले महिलाहरू शिक्षित र चेतनशील भएमा आफूले कति सन्तानलाई जन्म दिने र कतिजनालाई उपयुक्त भरणपोषण गर्न सकिन्छ भन्ने निर्क्यौल गरी सोही बमोजिमको सङ्ख्यामा सन्तान जन्माउने भएकाले तथा शिक्षित महिलाहरूको परिवारमा समेत राम्रो स्थान रहने भई परिवारमा उनीहरूको विचारले राम्रो स्थान पाउने भएका कारण प्रजननदर कम रहन गएको छ ।

महिलाहरू संलग्न रहेको पेशा व्यवसाय तथा त्यसबाट प्राप्त हुने आयआर्जनको अवस्थाले प्रजननदरमा प्रत्यक्ष प्रभाव पार्दछ । न्यून आयआर्जन हुनसक्ने कृषि तथा मजदुरी पेशामा संलग्न महिलाहरूको प्रजननदर बढी रहनु तथा सरकारी जागीर वा वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको आयआर्जन राम्रो रहेको तथा बाह्य सम्पर्क समेत बढी हुने गरेकाले त्यस्ता महिलाहरूको प्रजननदर कम देखिएको छ ।

आयस्तर कम भएका महिलाहरूको प्रजननदर तुलनात्मक रुपमा बढी र आयस्तर बढी भएका महिलाहरूको प्रजननदर तुलनात्मक रुपमा कम देखिन्छ ।

महिलाहरूको पेशा व्यवसायले प्रजननदरमा फरक पारेको देखिन्छ । सरकारी जागीरमा वा वैदेशिक रोजगारीमा रहेका महिलाहरूको प्रजननदर कृषि वा मजदुरी पेशामा लागेका महिलाहरूको तुलनामा निकै कम देखिनुले यस कुरालाई पुष्टि गरेको छ ।

जातिगत रुपमा हेर्दा सबैभन्दा बढी प्रजननदर कामी र सार्की जातिमा पाइयो भने सबैभन्दा कम प्रजननदर नेवार जातिमा पाइनुले जातिगत आाधारमा प्रजननदरमा ठूलो भिन्नता रहेको देखियो ।

## ५.३ सुझावहरू

सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषणबाट प्राप्त निष्कर्षको आधारमा ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समिति वडा नं. ४ र ६ का विवाहित महिलाहरूको प्रजननदरमा सामाजिक आर्थिक कारणले पारेको भिन्नता सम्बन्धमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.३.१ नीतिगत तहका लागि सुझाव

महिलाहरूको प्रजननदर उच्च हुने कारणहरू पहिल्याई निराकरणका लागि नीतिगत व्यवस्था गरिनु आवश्यक छ । प्रजनन शिक्षा, ग्रामीण आयआर्जनमूलक कार्यक्रमहरू, स्वरोजगारमूलक कार्यक्रमहरूमा ग्रामीण महिलाहरूको पहुँच विकास गर्ने कार्यक्रमहरू तय गरी कार्यान्वयन गरिनु पर्दछ । परिवार नियोजन शिक्षालाई औपचारिक तथा अनौपचारिक शिक्षामा अझ प्रभावकारी रुपमा लागू गर्ने व्यवस्था गरिनु पर्दछ । महिला स्वरोजगारमा सरकारी प्रोत्साहन तथा महिला उत्पादनको बजारीकरण सरकारी तवरबाट गर्ने व्यवस्था गरिनु पर्दछ ।

### ५.३.२ अभ्यास तहका लागि सुझाव

परिवार नियोजनको बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी परिवार नियोजनका साधन एवं सुविधाहरू सर्वसुलभ बनाइनु पर्दछ । शिक्षा र रोजगारीमा महिलाको सहभागिता अभिवृद्धि गर्ने विशेष कार्यक्रमहरू ग्रामीण क्षेत्रमा बढी सञ्चालन गरिनु पर्दछ । ग्रामीण स्वास्थ्य संस्थाहरूको प्रभावकारिता तथा सेवाको

स्तरमा अभिवृद्धि गरी सर्वसुलभ बनाइनु पर्दछ । बाल स्वास्थ्य, पोषण तथा शिक्षा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गरिनु पर्दछ ।

### ५.३.३ अनुसन्धान तहका लागि सुझाव

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँ विकास समितिको वडा नं. ४ र ६ मा केन्द्रित भई गरिएको यो अध्ययनबाट प्राप्त निष्कर्षलाई राष्ट्रिय परिवेशमा सामान्यीकरण गर्न नसकिने भएकाले प्रजननदरमा विभिन्न तत्त्वहरूले भिन्नता ल्याउने भएकाले फरक विषयमा थप अध्ययन अनुसन्धान गर्न प्रस्तुत अध्ययनलाई कोशेढुङ्गाको रुपमा लिई यससँग सम्बन्धित विषयमा थप अध्ययन अनुसन्धान गर्न निम्नानुसारका अध्ययन शीर्षकहरू सिफारिस गरिएको छ :

महिलाहरूको प्रजननदरमा फरक पर्ने सामाजिक तत्त्वहरू, सामाजिक मूल्य मान्यता र यसको प्रजननदरमा प्रभाव, प्रजननदर नियन्त्रणमा सरकारी तथा गैर सरकारी संस्थाहरूको भूमिका जस्ता शीर्षकहरूमा थप अध्ययन अनुसन्धान गर्न सकिन्छ ।

# सन्दर्भ सूची


काफ्ले, रामेश्वर (२०७२), *जनसङ्ख्या शिक्षाको आधार,* काठमाडौं : जुपिटर प्रिण्टिङ् एण्ड पब्लिशिङ हाउस, वागबजार ।

तिवारी, देवीरमण (२००४), *जनसङ्ख्या व्यवस्थापन : अवधारणा, आवश्यकता र महत्त्व,* Population Magazine Vol. II (p. 58 - 59)

प्याकुरेल, गोपाल (२००९), *झापा जिल्लाको दुहागढी गाउँ विकास समितिमा सामाजिक आर्थिक तत्त्वहरुले प्रजननदरमा पारेको प्रभाव,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, पूर्वाञ्चल विश्वविद्यालय, लुम्बिनी आदर्श क्याम्पस, नवलपरासी ।

भट्ट, देवीदत्त (२००४), *जन्मान्तर र यसको महत्त्व,* Population Magazine Vol. II (p. 107)

विष्ट, प्रेमसिँह र महेन्द्रराज जोशी (२०७०), *जनसङ्ख्या अध्ययन,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

हाडा, गम्भीरबहादुर (२००५), *नेपालमा जनसङ्ख्या वृद्धि-समस्या तथा सुझाव,* Population Magazine Vol. III (p. 51-59)

Acharya, Bidhan (1993), *Determinates of Age at Marriage and Fertility,* Nepal Population Journal (p. 49-60), PAN, Kathmandu.

CBS, (1987), *Population Census Report,* Kathmandu : Author.

CBS, (1995), *Population Census Report,* Kathmandu : Author.

CBS, (2011), *Population Census Report,* Kathmandu : Author.

Pandey, Prakash (2006) *Fertility and Poverty in Nepal,* Population Magazine, Vol. IV (p. 100-103)

Rawat, Tara Keshar (2006), *Interrelation between Education and Fertility,* Population Magazine, Vol. IV (p. 112-113)

Sigdel, Uddhav (2005). *Reproductive Health Approach*, Population Magazine, Vol. III (p. 69 - 73)

World Population Clock (2016)

# अनुसूची १

# सामाजिक आर्थिक कारणले प्रजननमा भएको भिन्नता

## व्यक्तिगत प्रश्नावली

**(विवाहित १५-४९ वर्ष उमेर समूहका महिलाहरुका लागि मात्र)**

उत्तरदाताको नाम : ..............................................................

१. तपाईं आफ्नो जन्म मिति बताउन सक्नुहुन्छ ?

साल महिना गते

२. तपाईं कति वर्षको हुनुभयो ?

............... वर्ष

३. तपाईं विवाह गर्दा कति वर्षको हुनुहुन्थ्यो ?

..............................................................

४. तपाईं लेखपढ गर्न सक्नुहुन्छ ?

क. सक्छु ख. सक्दिन

५. यदि सक्नुहुन्छ भने तपाईंको शैक्षिक योग्यता कति हो ?

..............................................

६. तपाईंको श्रीमानको शैक्षिक अवस्था बारे बताइदिनुहोस् ।

.........................................................................................................

७. विवाह भएको कति समयपछि गर्भवती हुनुभयो ?

क. १ वर्षभित्र ख. १ देखि ३ वर्षभित्र

ग. ३ देखि ५ वर्षभित्र घ. ५ वर्षपछि

८. तपाईंले परिवार नियोजनका विधिहरु बारे सुन्नुभएको छ ?

क. छ ख. छैन

९. यदि छ भने कुन माध्यमबाट थाहा पाउनुभएको छ ?

क. रेडियो ख. टेलिभिजन

ग. पत्रपत्रिका घ. अन्य

१०. तपाईंलाई परिवार नियोजनका विधि प्रयोग गर्न आवश्यक छ ?

क. छ                    ख. छैन

११. यदि छ भने कुन विधि ?

क. स्थायी          ख. अस्थायी          ग. अन्य

१२. तपाईंको परिवारको आकार कत्रो छ ?

..................................................

१३. हाल तपाईंका कति बालबच्चा छन् ?

जम्मा          छोरा          छोरी

१४. सन्तानमा छोराको अनिवार्यता छ कि छैन ?

क. छ                    ख. छैन

१५. तपाईंका नानीहरुलाई बिहान बेलुका कुन काममा संलग्न गराउनु हुन्छ ?

क. घरभित्रको काम          ख. गाईवस्तु हेर्ने          ग. दाउरा खोज्ने

१६. तपाईंको परिवारमा कतिजना आर्थिक कार्यमा संलग्न छन् ?

......................................................

१७. तपाईंको श्रीमान के पेशा गर्नुहुन्छ ?

....................................................................................................

१८. तपाईंको आम्दानीको स्रोत के हो ?

क. कृषि          ख. व्यापार          ग. मजदुरी

घ. सरकारी जागीर          ङ. गैह्र सरकारी जागीर          च. वैदेशिक रोजगारी

१९. तपाई कुन पेशामा संलग्न हुनुहुन्छ ?

क. व्यापार          ख. जागीर          ग. कृषि

२०. तपाईंको वार्षिक आय कति छ ?

क. १० हजारभन्दा कम          ख. १०-२० हजार          ग. २०-३० हजार

घ. ३०-४० हजार          ङ. ४०-५० हजार          च. सोभन्दा माथि

२१. तपाईंको कृषि उत्पादनले कति महिना खान पुग्छ ?

क. ६ महिनाभन्दा कम          ख. ६-९ महिना          ग. वर्ष दिन

२२. तपाईं कुन धर्म मान्नुहुन्छ ?

क. हिन्दू	ख. बौद्ध	ग. इस्लाम

घ. क्रिश्चियन	ङ. किराँत	च. अन्य

२३. परिवारको आकार सम्बन्धमा तपाईंको धारणा ?

.........................................................................................................

.........................................................................................................